# नेउवामहासंघ समाचार
# FNCCI NEWSLETTER

VISION:- "Leading the nation's Economic Progress". Mission:- "Facilitating Nepalese Business Become Globally Competitive"

वर्ष २२ (Vol. 22) | बैशाख–असार २०६७ (April-June2010) | अंक १–३ (No. 1-3)


## -महासंघको ४४औं वार्षिक साधारणसभा सम्पन्न-
# प्रधानमन्त्रीद्वारा चेम्बर कानुन अगाडी बढाउन आग्रह

प्रधानमन्त्री माधव कुमार नेपालले "चेम्वर ल" निर्माणको कार्यलाई अगाडी बढाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनु भएको छ।

महासंघ, प्रान्तिय उवासंघ र स्थानीय उवासंघहरुको संरचना र कार्य क्षमता सुनिश्चित गर्न निजी क्षेत्रका तर्फबाट महासंघले निरन्तर "चेम्वर ल" का लागि पहल गर्दै आएको छ।

निजी क्षेत्रले निरन्तर उठाउँदै आएको "चेम्वर ल" को मागलाई मनन गरि यस विषयलाई अगाडी बढाउन म सम्बन्धित मन्त्रालयलाई आग्रह गर्दछु- प्रधानमन्त्री नेपालले महासंघको ४४ औं वार्षिक साधारण सभाको गत जेठ २८ गते काठमाडौंमा समुद्घाटन गर्दै सो कुरा बताउनु भएको हो।

उद्योग वाणिज्य संघहरुको लोकतान्त्रिक संरचना सुनिश्चित गर्न राज्यबाट "चेम्वर ल" को तर्जुमा हुन निजी क्षेत्रले सरकारसँग विगत लामो समयदेखि भन्दै आएको छ।

प्रधानमन्त्रीले आर्थिक व्यावसायिक लगायत सिंगो अर्थतन्त्रको विकासमा सरकार संवेदनशील रहेको बताउनु भयो। आफूहरुलाई भएको पीडालाई नलुकाउन निजी क्षेत्रलाई आग्रह गर्दै प्रधानमन्त्रीले सरकारका काम कारवाहीलाई यथार्थतामा मूल्यांकन गर्न समेत आग्रह गर्नु भयो। सुरक्षाका विषयमा प्रधानमन्त्रीले सरकार चाडै औद्योगिक सुरक्षावल गठनको तयारीमा रहेको पनि स्पष्ट पार्नु भयो।

प्रधानमन्त्री नेपालले निजी क्षेत्रको प्रयास विकास र समृद्धिका सवालमा केन्द्रीत हुनुपर्नेमा जोड दिदै उत्पत्तिको प्रमाणपत्रका विषयमा निजी क्षेत्रकै सहमतीमा समस्या समाधान गर्न सरकार तयार रहेको विश्वास दिलाउनु भयो।



*प्रधानमन्त्री नेपाल ४४औं वार्षिक साधारणसभा को समुदघाटन गर्नुहुँदै।*

साधारण सभामा महासंघका साधारण सदस्य जिल्ला/नगर उवासंघ एवं वस्तुगत संघका प्रतिनिधिहरु, एशोसिएट सदस्यहरु, द्विराष्ट्रिय उद्योग वाणिज्य संघ सदस्यहरु र सल्लाहकार, पदाधिकारी, का.स. सदस्यहरु समेत गरी करिव ५ सय जनाको प्रतिनिधित्व रहेको थियो। बाँकी पृष्ठ ५ मा

# नेपाल र युएईको निजी क्षेत्र आर्थिक सम्बन्ध विस्तार गर्न सहमत



*महासंघ र युएईउवामहासंघबीच सहमतीपत्रमा हस्ताक्षर गर्दै।*

नेपाल र संयुक्त अरब इमिरेटस बीच निजी क्षेत्रका माध्यमबाट आर्थिक व्यावसायिक सम्बन्ध विस्तार, लगानी प्रवर्द्धन एवं थप नया सम्भाव्यताको अध्ययनका लागि भएको नेपाल उद्योग वाणिज्य महासंघको व्यवसायिक भ्रमण सफलतापूर्वक सम्पन्न भएको छ। यूएईस्थित नेपाली राजदुतावासको सक्रिय सहयोग तथा महासंघ र यूएई उवामहासंघ (Federation of UAE Chamber of Commerce & Industry-FUAECCI) को पलहमा भएको उक्त व्यावसायिक भ्रमण आपसी सम्बन्ध विस्तार, नेपालमा यूएईबाट हुन सक्ने आर्थिक सहकार्यका क्षेत्रहरुको पहिचान गराउन सफल भएको छ।

यूएई सरकार तथा त्यहाको निजी क्षेत्रबाट समेत अत्यन्त महत्वपूर्ण रुपमा हेरिएको महासंघको व्यावसायिक भ्रमण अवधीमा प्रतिनिधिमण्डलले त्यहाको वैदेशिक व्यापार मन्त्री लुवाना वीन खलिदा अल इसामी (Lubna Bint Khalid Ai Qasimi, Minister of Foreign Trade of The UAE), यूएई उद्योग वाणिज्य महासंघका कार्यवाहक अध्यक्ष एवं फुजेरा उद्योग वाणिज्य संघका अध्यक्ष सैयद अली खमास (Saeed Ali Khammas, Acting बाँकी पृष्ठ १२ मा

## उत्पत्तिको प्रमाणपत्र महासंघलेनै जारी गर्ने

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालयको हालैको निर्णयबाट नेपालमा उत्पादित वस्तु भारत निकासी गर्दा उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अधिकार महासंघलाई प्रदान गरिएको छ। नेपाल सरकार मन्त्रिस्तरको मिति २०६७ असार २९ गतेको निर्णय अनुसार अर्को व्यवस्था नभएसम्मका लागि महासंघले नै यथावत रुपमा जारी गर्ने निर्णय भएको जानकारी मन्त्रालयले असार ३० गते महासंघलाई गराएको छ।

साथै वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपालमा उत्पादित वस्तु चीन निकासी गर्दा उत्पत्तिको बाँकी पृष्ठ ७ मा

**"व्यावसायिक आचारसंहिताको पालना गरौं"**

# अर्थतन्त्रको संवेदनशीलतालाई नबुझेमा धरासायी हुने



*राजनीतिक ओझेलमा परेको नेपाली अर्थतन्त्र विषयक अन्तर्क्रिया ।*

मुलुकका प्रमुख राजनीतिक दलका प्रमुख नेताहरुले यतिखेर आर्थिक क्षेत्रका संवेदनशील सूचकांकलाई मनन गरी अगाडी बढ्न नसकेमा अर्थतन्त्र धरासायी हुने स्वीकार गर्नु भएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघको ४४ औं वार्षिक साधारण सभा पूर्व महासंघद्वारा प्रमुख राजनीतिक दलका प्रमुख नेताहरुको सहभागितामा आयोजना गरिएको "राजनीतिक ओझेलमा परेको नेपाली अर्थतन्त्र" विषयक अन्तरक्रिया कार्यक्रममा नेताहरुले राजनीतिक अवरोधको कारण मुलुकको आर्थिक व्यावसायिक क्षेत्रमा परेको असरप्रति राजनीतिक दलहरु पनि चिन्तित रहेको, राजनीतिक सहमती जति छिटो हुन सक्छ त्यतिनै छिटो आर्थिक व्यावसायिक क्षेत्रले गतिलिने हुँदा राजनीतिक सहमती कायम गर्न सबैको पहल आवश्यक भएको समेत जोड दिंनु भयो ।

राजनीतिक दलहरुले आफना घोषणपत्रमा आर्थिक नीतिका विषयमा गरेका प्रतिवद्धता पुरा गर्दै जाने विश्वास दिलाउदै निजी क्षेत्रका समस्या, गुनासा सुझावहरुको समाधान गर्ने विश्वासीलो वातावरण निर्माणमा प्रतिवद्धता समेत जनाउनु भयो । अन्तरक्रियामा एकिकृत नेकपा (माओवादी)का उपाध्यक्ष एवं पूर्व अर्थमन्त्री डा. बाबुराम भट्टराई, नेपाली काग्रेसका नेता एवं पूर्व अर्थमन्त्री महेश आचार्य, नेकपा (एमाले)का नेता एवं पूर्व अर्थ मन्त्री भरत मोहन अधिकारी, राष्ट्रिय जनशक्ति पार्टिका नेता एवं पूर्व अर्थ मन्त्री डा. प्रकाश चन्द्र लोहनी, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का नेता एवं पूर्व गर्भनर डा. तिलक रावल, मधेशी जनाधिकार फोरमका नेता एवं सभासद उमाशंकर प्रसाद शाह हुनुहुन्थ्यो भने अर्थशास्त्री डा. विश्वम्भर प्याकुरलले मोडरेटरको भूमिका निर्वाह गर्नुभएको थियो ।

सो कार्यक्रमको प्रारम्भमा महासंघका अध्यक्ष कुशकुमार जोशीले संविधान सभाको निर्वाचनमा राजनीतिक पार्टीहरुले आफनो घोषणापत्रमा जनतासमक्ष आर्थिक विषयहरुमा गरेका वाचाहरु पुरा गर्न नसक्दा मुलुक थप अन्यौलता तर्फ गईरहेको बताउनु भयो ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा मुलुक रुपान्तरण भएपनि आर्थिक एजेण्डालाई दलहरुले सधै राजनीतिको छायांमा राख्दा अर्थतन्त्रमाथि निरन्तर आक्रमण भैरहेको, बन्द हड्ताल जस्ता गतिविधिले प्रश्रय पाएको स्पट पार्नुहुँदै अध्यक्ष जोशीले आजको अवस्थासम्म राष्ट्रले भोग्नु परेको आर्थिक क्षतिको समिक्षा सहित सबै पार्टीहरु बीच आर्थिक एजेण्डामा न्यूनतम साझा सहमती बन्नु पर्नेमा जोड दिंदै अन्तरक्रिया कार्यक्रम पनि सोही अनुरुप आयोजना गरिएको स्पष्ट पार्नुभयो ।

मुलुकभरका उद्यमी व्यवसायीहरुको सक्रिय सहभागिता रहेको सो कार्यक्रममा मुलुकको आयात कूल निर्यातको तुलनामा ७ गुणा बढी भएको र यो क्रम निरन्तर बढी रहेको, भुक्तानी संतुलन ऋणात्मक भएको, दैनिक १२ घण्टाको लोडसेडिङ्ग, बन्द हड्ताल चक्काजाम तथा स-साना विषयहरुमा पनि राजनीति गरेर उद्योग व्यवसाय संचालनमा पुर्‍याएको अवरोध, तरलताको अभाव, सिण्डिकेट, कार्टेलिङ्गको पुनरावृत्तीले उद्योग व्यवसायको उत्पादन क्षमता निरन्तर ओरालो लागिरहेको, धेरै उद्योग प्रतिष्ठान बन्द भएको र यसले समग्रमा रोजगारी, बैंकिङ्ग ऋण व्याज भुक्तानीमा समेत गम्भिर असर पर्न गएको हुंदा आर्थिक व्यावसायिक क्षेत्रलाई राजनीतिक प्रभावबाट मुक्त राख्ने प्रतिवद्धता राजनीतिक पार्टीहरुबाट आउनुपर्नेमा जोड दिइयो ।

**कार्यक्रममा राजनीतिक दलका सहभागी नेताहरुबाट आर्थिक मुद्दाहरुमा सहमति जुटाउन आ-आफ्ना दलको तर्फबाट सक्दो प्रयत्न गर्ने, बन्द, हड्ताल, चक्काजाम लगायतका आर्थिक व्यावसायिक क्षेत्रको विकासका अवरोधात्मक गतिविधि बन्द गर्न आवश्यक वातावरण बनाउदै जाने, आयातको तुलनामा निर्यात घटिरहेको अवस्थामा नेपाली उद्योग व्यवसायको विस्तार एवं विनारोकावट संचालनका लागि आवश्यक सबै प्रकारको सहुलियत दिन आ-आफनो दलका तर्फबाट सहयोग पुर्‍याउने प्रतिवद्धता व्यक्त भयो ।**

**त्यसैगरी बनजंगल, जडिबुटि, उर्जा, कृषिको व्यवसायिकरण मार्फत ग्रामीण क्षेत्रको दीगो विकासमा आ-आफना पार्टीको तर्फबाट उचित सहयोग गर्ने, कृषि, पर्यटन, जलविद्युत, भौतिक पूर्वाधार, जनशक्ति उत्पादन, रोजगारी सिर्जनामा दलहरु बीच कुनै मतभेद नरहेकोले यसमा सहयोगात्मक भावना अनुरुप अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गरियो ।**

# पहिलो पूर्ण बैठक

नेपाल उद्योग वाणिज्य महासंघको ४४ औं वार्षिक साधारण सभाको पहिलो पूर्ण बैठक महासंघका अध्यक्ष कुशकुमार जोशीको सभापतित्वमा जेष्ठ २९ गते सम्पन्न भयो । बैठकमा महानिर्देशक हेमन्त दवाडीले साधारण सभाको गणपुरक संख्याको घोषणा गर्नुभयो ।

तत्पश्चात अध्यक्ष जोशीको सम्वोधनलाई बैठकले अनुमोदन गर्‍यो । साथै महासंघका महानिर्देशक डा. हेमन्त दवाडीले प्रस्तुत गर्नुभएको २०६६ वार्षिक प्रतिवेदनलाई केही संसोधन सहित सभाले पारित गर्‍यो ।

साधारण सभाको बन्द सत्रमा महासंघका उपाध्यक्ष प्रदीपजंग पाण्डेले प्रस्तुत गर्नुभएको आव २०६५/०६६ को लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात सर्वसम्मतिले पारित गर्नुका साथै सुदर्शन राज पाण्डेलाई आव २०६६/०६७ को लागि पनि लेखा परिक्षकको रुपमा नियुक्त गर्ने निर्णय गर्‍यो

त्यसैगरि साधारण सभाबाट सभामा आएका प्रस्ताव एवं सुझावहरुका विषयमा अध्ययन गरी प्रस्तावलाई अन्तिम रुप दिन महासंघका सल्लाहकार समितिका सदस्य गोपाल प्रसाद क्षेत्री संयोजक र सदस्यहरुमा दील सुन्दर श्रेष्ठ, शंकरप्रसाद पाण्डे, अशोक शर्मा र अशोक कुमार तोदी रहनु भएको ५ सदस्यीय प्रस्ताव समिति गठन गर्ने निर्णय गरिएको छ ।

पूर्ण बैठकको अन्त्यमा महासंघका अध्यक्ष जोशीले ४४ औं वार्षिक साधारण सभामा सहभागी प्रतिनिधिहरुबाट सक्रियतापूर्वक भाग लिई उद्योग व्यवसाय लगायत समग्र अर्थतन्त्रको विकासमा उठाउनु भएको जिज्ञासा तथा सुझाव एवं प्रतिक्रियाहरुले महासंघलाई आगामी दिनमा प्रभावकारी रुपमा अघि बढ्न सहयोग पुग्ने विश्वास प्रकट गर्नुभयो ।

# समस्या समाधानका लागि उद्यमी व्यवसायीद्वारा पहल



*उद्यमी व्यवसायीसँग एनेकपा माओवादीद्वारा आयोजित छलफल कार्यक्रम ।*

नेपाल उद्योग वाणिज्य महासंघको ४४ औं वार्षिक साधारण सभामा भाग लिन मुलुक भरबाट आएका उद्यमी व्यवसायीहरुको स्वागतमा प्रधानमन्त्री माधव कुमार नेपालले गत जेष्ठ ३० गते प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गर्नुभएको भेटघाट एवं चियापान कार्यक्रममा उद्योगी व्यवसायीहरुले उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा वाणिज्य मन्त्रालयबाट भएको पछिल्लो निर्णयलाई स्थगन गरी पुरानै व्यवस्था अनुसार जारी गर्ने निर्णय गर्न, शान्ति सुरक्षाको व्यवस्थालाई चुस्तदुरुस्त राखी उद्योग व्यवसाय गर्ने वातावरण निर्माण गरिदिन प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु भयो

सो कार्यक्रममा महासंघका अध्यक्ष कुशकुमार जोशीले ४४ औं वार्षिक साधारण सभामा उठेका प्रमुख विषयहरुका सम्बन्धमा प्रधानमन्त्री नेपाललाई जानकारी गराउनु हुंदै साधारण सभाको निर्णयानुसार उत्पत्तिको



*उद्यमी व्यवसायीसँग नेपाली काँग्रेसद्वारा आयोजित छलफल कार्यक्रम ।*

प्रमाणपत्र पुरानै व्यवस्था अनुसार एकद्वार प्रणाली मार्फत महासंघबाटै जारी गर्ने सम्बन्धमा निर्णय हुन प्रधानमन्त्रीलाई आग्रह गर्नु भयो ।

चन्दा आतंक, अपहरण, हत्या लगायतको विगविगीबाट शान्ति सुरक्षा पूर्वक जीवन यापन गर्न पाउने र व्यापार, व्यवसाय गर्न पाउने स्वतन्त्रता माथिनै अतिक्रमण भएको आजको अवस्थामा सुरक्षा व्यवस्थालाई थप मुजबुत पार्न अध्यक्ष जोशीले प्रधानमन्त्री समक्ष आग्रह गर्नु भयो । सो अवसरमा सहभागीहरुले विभिन्न जिल्लाहरुमा सिण्डिकेट, कार्टेलिङ्ग, जोरविजोर प्रथाबाट ढुवानीमा उत्पन्न समस्या प्रति प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनु भयो । त्यसैगरी व्यवसायीहरुले जिल्लाहरुमा चन्दा आतंक तिव्र भएको, भूमिगत समूहहरुबाट त्रासको वातावरण सृजना गरिएकोले सुरक्षाको प्रत्याभूति दिन आग्रह गर्दै उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा वाणिज्य मन्त्रालयको निर्णयलाई तत्काल फिर्ता लिई पुरानै व्यवस्था अनुसार जारी हुन आग्रह गर्नुभयो ।

सो अवसरमा प्रधानमन्त्री नेपालले उत्पत्तिको प्रमाणपत्र विषयमा महासंघ लगायत यसका सदस्य संघ/संस्थाहरुबाट उठाइएका विभिन्न सुझाव एवं बहुद्वार प्रणालीबाट जारी गर्दा हुन सक्ने व्यवहारिक कठिनाई प्रति आफु पनि अनभिज्ञ नरहेकोले यस सम्बन्धमा चाडै समस्या समाधान गर्ने विश्वास दिलाउंनु भयो । प्रधानमन्त्री नेपालले उद्यमी व्यवसायीहरुले राखेका समस्या एवं सुझाव प्रति आफ्नो ध्यानाकर्षण भएको बताउनु हुंदै सिण्डिकेट तथा कार्टेलिङ्ग प्रथा कानूनतः खारेज भईसकेको तर व्यवहारमा लागू भईरहेको सुनिन आएको सम्बन्धमा सरकारले तत्काल त्यस सम्बन्धमा आवश्यक कारवाही अगाडी बढाउने विश्वास दिलाउनु भयो । नेपाल सरकारका मन्त्रीहरुको समेत सहभागिता रहेको सो अवसरमा प्रधानमन्त्री नेपालले ढिलासुस्ती हटाउन र आफ्ना कार्यप्रणाली पारदर्शी बनाई सरकारी सेवा चुस्त/दुरुस्त बनाउन सरकार दृढ रहेको र कसैले यसलाई वेवास्ता गरेको पाइएमा सूचना प्रदान गरी सहयोग गर्न निजी क्षेत्रलाई आग्रह गर्नु भयो ।

त्यसैगरी महासंघको ४४ औं वार्षिक साधारण सभामा भाग लिन आएको व्यवसायीहरुको सम्मानमा एकिकृत नेकपा माओवादी र नेपाली कांग्रेसबाट सोही दिननै छुट्टाछुट्टै स्वागत एवं भेटघाट कार्यक्रमको आयोजना भयो । ती दुवै कार्यक्रमहरुमा महासंघका अध्यक्ष जोशीले राजनीतिक पार्टिहरु बीच सहमतिको माध्यमबाट मुलुकलाई तत्काल निकास दिन आग्रह गर्नुहुंदै उद्योग व्यवसाय संचालन गर्ने न्यूनतम वातावरण कायम गरिदिनु पर्ने, निश्चित समयसम्मका लागि बन्द, हड्ताल, चक्काजाम लगायतका कार्यक्रमहरु नगर्ने प्रतिवद्धता राजनीतिक पार्टिहरुबाट आउनु पर्ने, आर्थिक एजेण्डामा न्यूनतम साझा सहमति पार्टिहरु बीच हुनुपर्ने, महासंघले वर्षौंदेखि जारी गर्दै आएको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्थालाई पूर्ववत् नै कायम गर्ने कार्यमा सहयोग गरिनुपर्ने, द्वन्दबाट विस्थापित उद्योग व्यवसाय पुनर्स्थापना गर्न विशेष सहुलियत सहितको प्याकेज ल्याउन सहयोग गर्नुपर्ने लगायत सुझाव राख्नु भयो ।

एनेकपा(माओवादी)द्वारा आयोजित कार्यक्रममा सो पार्टीका अध्यक्ष पुष्पकमल दाहालले निजी क्षेत्रले उठाएका समस्याका समाधानमा जिम्मेवार राजनीतिक दलको हैसियतले सक्दो सहयोग गर्ने विश्वास दिलाउनु भयो । साथै उहाँले निजी क्षेत्रको छाता संस्थाको हैसियतले महासंघले वर्षौ देखि जारीगर्दै आएको उत्पत्तिको प्रमाणपत्र महासंघ मार्फत नै जारी हुनुपर्ने आफ्नो पार्टिको धारणा रहेको स्पष्ट पार्नु भयो । उक्त कार्यक्रममा वरिष्ठ उपाध्यक्ष डा. बाबुराम भट्टराईले वित्तिय पूंजीलाई औद्योगिक पूंजीको विकासमा उपयोग गर्न उत्पादनशील क्षेत्रमा लगानी हुनु पर्ने जोड दिंदै बन्द, हड्ताल, चक्काजामलाई बन्द गर्न राष्ट्रिय सहमति बन्नु पर्नेमा जोड दिनु भयो ।

त्यसैगरी नेपाली कांग्रेसद्वारा आयोजित कार्यक्रममा सो पार्टीका कार्यवाहक सभापति सुशिल कोइरालाले शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याएर मुलुकलाई शान्ति समृद्धि तर्फ लैजान आफ्नो पार्टि पनि प्रतिवद्ध रहेकोले निजी क्षेत्रका सुझावलाई आफुले गम्भिर रुपमा लिएको र सोही अनुसार आफ्नो पार्टिले समस्या समाधानमा सहयोग गर्ने विश्वास दिलाउंनु भयो । साथै उक्त पार्टीका नेता डा. रामशरण महतले आफनो पार्टी निजी क्षेत्रको अग्रहाणी भूमिका रहेको अर्थतन्त्रको पक्षको रहेको र निजी क्षेत्रलाई सोही अनुसार अगाडी लैजाने नीति आफनो पार्टीको रहेको र उत्पत्तिको प्रमाणपत्रका सम्बन्धमा महासंघसँग सल्लाह गरि समस्याको समाधान खोजिनु पर्ने धारणा राख्नु भयो ।

कार्यक्रममा महासंघका पूर्व अध्यक्ष, सल्लाहकार समितिका सदस्यहरु, निवर्तमान अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, कार्यकारिणी समितिका सदस्यहरु र साधारण सभामा भाग लिन आउनु भएका उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

# स्वरोजगार सम्बन्धी विशेष कार्यक्रम

अर्थमन्त्री सुरेन्द्र पाण्डेले युवा स्वरोजगार कार्यक्रमलाई आउदा वर्षमा पनि निरन्तरता दिने बताउनु भएको छ। नेपाल उद्योग वाणिज्य महासंघको ४४ औं वार्षिक साधारण सभाको अवसरमा जेष्ठ २९ गते आयोजित युवा स्वरोजगार सम्बन्धी विशेष कार्यक्रमलाई काठमाडौंमा सम्बोधन गर्नुहुँदै उहांले सो कुरा वताउनु भएको हो । कार्यक्रमले मुलुकमा रोजगारी सृजना गर्ने भन्दै यसलाई स्थायी रुपमा अगाडी बढाउने प्रक्रिया सरकारले थालेको उहाँले वताउनु भयो । तयारी विना कार्यक्रम ल्याउने परम्पराले तोकिएको समयमा कार्यान्वयवनमा आउन कठिनाई परेको स्पष्ट पार्दै यो कार्यक्रम पनि तयारी विना ल्याइएकोले तोकिएको समयमा कार्यान्वयन हुन नसकेको बताउनुभयो ।



मन्त्री पाण्डले यस कार्यक्रम अन्तरगत कैलालीमा पाँच हजार रिक्सा चालकलाई रिक्सा वितरण गरेर कार्यक्रम शुरु भैसकेको जानकारी गराउनु भयो । यस्तै कार्यक्रम काश्की, चितवन र काभ्रेमा पनि संचालन गर्ने निर्णय भैसकेको जानकारी गराउनु भयो । रिक्सा चालकलाई मालिक बनाएपछि उनीहरुमा व्यवसाय गर्न कस्तो कठिन रहेछ भन्ने ज्ञान हुने र वन्द हड्ताल जस्ता कार्यक्रम अन्त्य हुने विश्वास लिएको पनि अर्थमन्त्रीले बताउनु भयो। अर्थमन्त्रीले सरकारले स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउने काममा वैंकहरुबाट उचित सहयोग नभएको पनि खुलासा गर्नुभयो । सरकारबाट लिएको पैसा दिने तर आफूले लगानी नगर्ने प्रवित्ति बैंकहरुमा देखिएको छ अर्थमन्त्रीले भन्नु भयो –सरकार अभियान चाहन्छ तर बैंकहरु प्रक्रिया चाहान्छन् यसले गर्दा पनि ढिलो भएको छ । त्यसअघि महासंघका उपाध्यक्ष कृष्णप्रसाद ताम्राकारले महासंघका सवै जिल्ला उद्योग वाणिज्य संघहरु संलग्न भएको यो कार्यक्रम अत्यन्त उपयोगी हुने तर सरकार, महासंघ र बैंकहरुको संयुक्त प्रयास विना कार्यक्रम सफल हुन नसक्ने बताउनुभयो । मुलुकको अहिलेको आर्थिक अवस्था हेर्दा वर्षेनी ६० हजार युवालाई रोजगार दिन नेपालको निजी क्षेत्र सक्षम रहेको बताउदै त्यसका लागि सरकारले युवा स्वरोजगारका कार्यक्रमलाई अघि बढाएर स्वरोजगार तयार गर्नुपर्ने वताउनुभयो ।

कार्यक्रममा सहभागीहरुले तालीम लिएकाहरुलाई सरकारका तर्फबाट तत्काल ऋण जारी गर्नुपर्ने, स्वरोजगार कार्यक्रमलाई बढी व्यवस्थित र यसमा आवद्धहरुलाई निरन्तर सल्लाह, सुझाव, परामर्श एवं तालीम उपलब्ध गराउन सवै उद्योग वाणिज्य संघहरुमा एउटा तालीम इकाई स्थापना गर्नुपर्ने, आवेदन दिई अभिमुखीकरण तालीम लिन बांकीलाई पुनः तालीम दिने व्यवस्था अविलम्व गर्नुपर्ने, अभिमुखीकरण तालीम दिईसकेका संघहरुलाई सरकार तर्फबाट दिनुपर्ने रकम निकासा हुनुपर्ने लगायतका सुझाव राख्दै माछापालन, मह उत्पादन जस्ता क्षेत्रमा स्वरोजगार तालीम लिएकाहरु काम गर्न इच्छुक देखिएकाले सरकारले ऋण उपलब्ध गराई दिने व्यवस्था मिलाई दिनु पर्ने सुझाव दिनु भयो ।

विशेष कार्यक्रमको अन्त्यमा महासंघका अध्यक्ष कुशकुमार जोशीले सरकार निजी क्षेत्रको सहकार्यमा स्वरोजगार कार्यक्रमलाई बढी प्रतिफलमुखी वनाउनु पर्ने र त्यसमा महासंघ आफनो तर्फबाट पूर्ण रुपमा सहयोग गर्न तयार रहेको स्पष्ट पार्नुभयो। ४४ औं वार्षिक साधारण सभाको अन्त्यमा महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकारले साधारण सभाका प्रमुख अतिथि, अतिथि लगायत महासंघको साधारण सभालाई सफल बनाउन आ आफ्नो क्षेत्रबाट सहयोग गर्नु हुने सवैमा हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

## महासंघका उपाध्यक्ष राजकर्णिकारद्वारा पुस्तकालय उद्‌घाटन

नेपाल उद्योग वाणिज्य महासंघको सदस्य कैलाली उद्योग वाणिज्य संघ सचिवालयमा नेपालस्थित अमेरिकी राजदुतावासको सहयोगमा अमेरिकन कर्नर धनगढी (American Corner Dhangadhi) को स्थापना गरिएको छ । सो पुस्तकालय को महासंघका उपाध्यक्ष भाष्करराज राजकर्णिकार र नेपालका लागि अमेरिकी राजदुत स्कट् एच. डिलिसि (US Ambassador to Nepal, Scott H. DeLisi) ले असार ६ गते एक विशेष समारोह बीच धनगढीमा उद्‌घाटन गर्नुभयो ।

सो अवसरमा राजदुत डिलिसिले राजदुतावासको तर्फबाट ३ हजार ५ सय थान पुस्तक पनि हस्तान्तरण गर्नुभयो । पुस्तकालयका लागि उपलब्ध गराइएको ती पुस्तकहरुमा अमेरिकी इतिहास, अमेरिकी संस्कृति, भाषा, सूचना प्रविधि, आर्थिक सामाजिक विकास, राजनीति, नेपाल-अमेरिका दौत्य सम्बन्धसँग सम्बन्धित छन् ।

उद्‌घाटन समारोहलाई सम्वोधन गर्नुहुदै महासंघका उपाध्यक्ष राजकर्णिकारले पुस्तकालय स्थापनाबाट नेपाल र अमेरिकाबीचको सम्बन्ध अझ बढी समधुर हुनुका साथै सुदूरपश्चिमका जनताले अमेरिकाका विषयमा अझ बढी बुझ्ने अवसर पाउने विश्वास प्रकट गर्नुभयो ।

संघका अध्यक्ष दिनेशराज भण्डारीको सभापत्विमा सम्पन्न कार्यक्रममा संघका पदाधिकारी, सदस्यहरु, सुदुरपश्चिमका उद्यमी व्यवसायी, विद्यार्थी, प्राध्यापक, पत्रकार सहितको उपस्थिति रहेको थियो ।



# मुख्य प्रतिनिधिहरुबाट मन्तव्य

**नेपाल उद्योग वाणिज्य महासंघको ४४ औं वार्षिक साधारण सभामा भाग लिन मुलुकभरबाट आउनु भएका मुख्य प्रतिनिधि एवं प्रतिनिधि उद्यमी व्यवसायीहरुले आ–आफनो क्षेत्रका समस्या एवं राष्ट्रिय अर्थतन्त्रका विषयमा धारणा राख्नु भयो । उहाँहरुबाट व्यक्त धारणाहरु संक्षेपमा :**

**दिनेश गोल्छाः अध्यक्ष उद्योग संगठन मोरङ**

महासंघले उद्योग वाणिज्य संघहरुको सुदृढीकरण तथा संघहरुका लागि आम्दानीका स्रोतहरु पहिचान हुने कार्यक्रमहरु ल्याउनु पर्छ । महासंघ सचिवालय सदृढीकरण कार्यलाई तीव्र पार्दै महासंघलाई थिंक टयांकको रुपमा विकास गर्दै जानु पर्छ । महासंघको कार्य प्रणालीलाई अझ बढी चुस्त र प्रभावकारी पार्नुपर्छ ।

**मित्रराज दवाडी, अध्यक्ष, नेपाल विउ व्यवसायी संघ**

हाम्रो अर्थतन्त्रको प्रमुख आधार कृषिनै हो । यसर्थ कृषिलाई बढी उत्पादनमुखी बनाउन विउ विजनको सुरक्षाका लागि सरकारका तर्फबाट विशेष नीतिनै आउनु पऱ्यो । हामीले समयमै यसमा ध्यान दिन सकेनौ भने हाम्रा आफनै उत्पादन भोली हराएर जाने अवस्था आईपर्न सक्छन र आफना लागि चाहिने वीउविजनका लागि विदशीकै भरपर्नु पर्ने अवस्था आउने छ । आफनै उत्पादनहरु जो किट नासक, बढी उब्जनी दिने, रोगनिरोधक खालका विउ विजनको विकासका लागि नीति आउनु पऱ्यो । यसका लागि महासंघले विशेष भूमिका निर्वाह गर्नुपर्छ । शान्ति सुरक्षालाई सुदृढ बनाउन महासंघले विशेष पहल गर्नुपर्छ ।

**ओम प्रकाश सिकारिया, अध्यक्ष वीरगंज उद्योग वाणिज्य संघ**

महासंघको कार्यप्रणालीलाई अझ बढी व्यवस्थित र उत्पादन मुखी बनाउनु पऱ्यो । उद्योग वाणिज्य संघहरुको संजाल ठूलो भैसकेकोले उनीहरुको व्यवस्थित संचालन, सचिवालय सुदृढीकरण लगायतमा महासंघले विशेष ध्यान दिनु पर्ने वेला भैसकेको छ । तराईमा चन्दा आतंक, अपहरण, हत्या हिंसाको समस्या व्याप्त छ । तराईमा व्यवसायी माथि ठूलो थ्रेट छ । सरकारको बलियो उपस्थिति हुन नसक्दाको परिणाम आज अपराधीहरुको मनोवल निकै बढेको छ । यस विषयमा महासंघले सरकारको ध्यानाकर्षण गराउनु पऱ्यो । वैकिङ तरलताको अभावसँगै बढेको बैकिङ व्याजले उद्योग व्यवसाय निकै प्रताडित भएका छन् । मुलुकभित्रका सबै भागहरुमा स्वास्थ्य सुविधा सरल र सहज हुने व्यवस्थाका लागि महासंघले सरकारमा पहल गर्नु पऱ्यो । आर्थिक कुटनीतिका माध्यमबाट कलकत्ता वन्रगाहलाई सुदृढीकरण गर्न पहल गरियोस ।

**हंसराज वाग्ले, प्रथम उपाध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

महासंघले वैदेशिक रोजगार व्यवसायलाई बढी व्यवस्थित गर्न विशेष भूमिका निर्वाह गर्नुपर्छ । मुलुकको अर्थतन्त्र धानेको, ठूलो जनशक्तिलाई रोजगारी दिएको, प्रत्यक्ष अप्रत्यक्ष रुपमा विभिन्न क्षेत्रहरु यस व्यवसायसंग आवद्ध भएकोले यसको महत्वलाई बुझेर यस क्षेत्रमा देखा परेका विकृती विसंगतीहरुलाई अन्त्य गरि व्यवस्थित बनाउन महासंघका तर्फबाट विशेष पहल हुन आग्रह गर्दछु ।

**भिष्मप्रसाद वैद्य, अध्यक्ष, इलाम उद्योग वाणिज्य संघ**

कृषि र पर्यटन विकासबाट मात्र नेपाल अगाडी बढ्न सक्ने भएकाले कृषिको व्यवसायीकरण तथा पर्यटन विकासका लागि प्रभावकारी कार्यक्रम ल्याउनु पऱ्यो । ग्रामीण क्षेत्रमा पैसाको ठूलो अभाव छ यसलाई सहज बनाउन पहल होस । महासंघको सूचना प्रवाहलाई अझ बढी व्यवस्थित बनाउन आवश्यक छ । शान्ति सुरक्षाको अवस्था जिल्लामा निकै पेचिलो बन्दै गएको छ, यस तर्फ समयमै ध्यान जानु आवश्यक छ ।

**कर्ण वहादुर विष्ट, अध्यक्ष, कालीकोट उद्योग वाणिज्य संघ**

उद्योग व्यवसायका सम्पूर्ण पक्षहरुको अध्ययन गरी आवश्यक सहयोग गर्न महासंघमा एउटा यूनिटनै स्थापना गरि सोही यूनिट मार्फत समस्या समाधानमा पहल हुनु पर्छ । नेपालको आर्थिक विकासमा सहयोग पुऱ्याउने व्यक्तित्वहरुलाई महासंघले आफ्ना कार्यक्रमहरुमा सम्मान गर्ने परम्पराको शुरुवात गर्नुपर्छ । महिला उद्यमशीलता प्रवर्द्धन गर्ने नीति तथा कार्यक्रम ल्याउनु आवश्यक छ ।

**अशोक कुमार ताम्राकार, निवर्तमान अध्यक्ष, उद्योग वाणिज्य संघ सुनसरी**

द्वन्दकालमा विस्थापित उद्योग व्यवसाय पुनःस्थापना हुन खोज्दैछन् । यसरी स्थापना हुन चाहने उद्योग व्यवसायका लागि सहुलियत सहितको विशेष राहत प्याकेज ल्याउन महासंघले नेपाल सरकारमा विशेष पहल गर्नुपर्छ । रेमीट्यान्सलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न कार्यक्रम ल्याउन आवश्यक छ । →

**महासंघको ४४ औं...**

कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य दिनुहुँदै महासंघका अध्यक्ष कुशकुमार जोशीले महासंघले विगतमा सम्पन्न गरेका महत्वपूर्ण कार्यक्रमहरु जस्तो निर्णायक वहस, शान्ति सभा लगायतका कार्यक्रमहरुको उल्लेख गर्नुहुँदै महासंघले उठाएका विषयलाई सरकारका तर्फबाट संवोधन हुन प्रधानमन्त्री समक्ष आग्रह गर्नुभयो । उहाँले "चेम्वर कानून"को आवश्यकता समेत औल्याउनु भयो । अध्यक्ष जोशीले निजी क्षेत्र फुटेर होइन, जुटेरनै अझ बढी सक्तिशाली हुने हुँदा निजी क्षेत्रलाई अझ बढी सशक्त प्रभावकारी र सुदृढ पार्न आग्रह गर्नुभयो ।

अध्यक्ष जोशीले उत्पत्तिको प्रमाणपत्रको विषयमा साविककै व्यवस्था कायम राख्न समेत सरकारलाई अनुरोध गर्नुभयो । राष्ट्रको हितका लागि अहोरात्र खटीरहने निजी क्षेत्र आजपनि मुलुकमा शान्ति सुरक्षाको व्यवस्था प्रभावकारी हुन नसक्दा आफनो ज्यानलाई हत्केलामा राखेर काम गर्न बाध्य भएको पिडा राख्दै शान्ति सुरक्षा देउ, उद्योग व्यवसाय गर्ने वातावरण देउ भन्दा उल्टै खप्की खानुपर्ने अवस्थाप्रति निजी क्षेत्र अत्यन्त चिन्तित रहेको बताउनु भयो ।

अध्यक्ष जोशीले राजनीतिक सहमतीका माध्यमबाट पछिल्लोपटक थपिएको समयभित्रै संविधान निर्माण गर्न आग्रह गर्दै नयाँ संविधानमा निजी क्षेत्रको सुझावहरु समावेश हुन पनि जोड दिनु भयो । महासंघले दिएका सुझावहरु समावेश भएको नयाँ औद्योगिक नीति आएको र महासंघकै पहलमा प्रधानमन्त्रीकै अध्यक्षतामा नेपाल विजनेश फोरम गठन भएकोमा स्वागत गर्दै त्यसको शीघ्र कार्यान्वयनमा जोड दिनुभयो ।

समुद्घाटन समारोहको अन्त्यमा महासंघका वरिष्ठ उपाध्यक्ष सुरज वैद्यले धन्यवाद मन्तव्य दिनु हुँदै महासंघले सरकारसँग विकास निर्माण, सामाजिक क्षेत्रका हरेक विषयमा सहकार्य गर्दै आएकोमा उत्पत्तिको प्रमाणपत्र जारी गर्ने विषयमा वाणिज्य मन्त्रालयको निर्णयबाट सरकार निजी क्षेत्र बीचको दशकौंको सहकार्यलाई चकनाचुर पारेको बताउनुभयो ।

वरिष्ठ उपाध्यक्ष वैद्यले केही सिमित स्वार्थमा रहेका व्यक्तिहरुको प्रभावमा परेर गरिएको सो निर्णयबाट सरकार र महासंघको ठूलो मेहनत, समय लागेर तयार पारिएको संरचनामै गम्भीर असर पर्न गएकोले तत्काल उक्त निर्णयमा पुनरविचार गरि पूर्ववत व्यवस्था अनुरुपनै एकद्वार प्रणालीबाट प्रमाणपत्र जारी गर्ने व्यवस्था हुन आग्रह गनुभयो ।

समुद्घाटन समारोहमा संवैधानिक अंगका प्रमुखहरु, सभासद्हरु, मन्त्रीहरु, कुटनीतिक नियोगका प्रमुखहरु, महासंघका पदाधिकारीहरु, पूर्व अध्यक्षहरु सल्लाहकार समितिका सदस्यहरु, कार्यकारिणी समितिका सदस्यहरु, नेपाल सरकारका वरिष्ठ अधिकारीहरु, प्रतिष्ठित उद्यमी व्यवसायीहरु सहित साधारण सभामा भाग लिन आएका मुलुकभरका उद्यमी व्यवसायीहरुको उपस्थिति रहेको थियो । ❋

**अरुण सुमार्गी, अध्यक्ष, मकवानपुर उद्योग वाणिज्य संघ**

मकवानपुरलाई औद्योगिक जिल्ला घोषणा गर्नुपर्छ । महासंघको ११ कार्यकारिणी समितिको बैठकमा मकवानपुरको विकासका लागि संघका तर्फबाट दिएको सुझावहरुलाई अगाडी बढाउन पहल होस ।

**चन्द्रराज पन्त, अध्यक्ष दाङ उद्योग वाणिज्य संघ**

दाङ जिल्ला व्यापारिक कारोवार हुने जिल्ला हो । भारतमा रोजगारी गरि स्वदेश भित्रिने नेपालीहरुले ल्याएको ठूला दरका भारतीय नोटहरुको सटही सुविधा सहज र सरल नहुँदा आर्थिक विकृती बढ्दै छ । यस तर्फ महासंघबाट विशेष प्रयास होस ।

**बैजनाथ जैसवाल, अध्यक्ष, नवलवपरासी उद्योग वाणिज्य संघ**

महासंघले आयोजना गरेको शान्ति ऱ्यालीकै कारण आम हड्ताल फिर्ता भयो । भारतीय रुपैयाका ठूला नोटको सटही व्यवस्था सरल र सहज नहुँदा गैर कानूनी काम गर्नेहरुलाई सजिलो हुन गएको छ । तसर्थ यसलाई बढी पारदर्शी र सहज बनाउन महासंघबाट पहल होस । शान्ति सुरक्षा, पूर्वाधारहरु सहित औद्योगिक कोरिडरहरुमा पर्याप्त सुविधा हुनु पर्‍यो । शान्ति सुव्यवस्था कायम हुनु पर्‍यो ।

**बाबुराम जमरकट्टेल, अध्यक्ष लेखनाथ उद्योग वाणिज्य संघ**

सदस्यहरुका समस्यालाई हल गर्ने कार्य होस । पोखराबाट भारतीय शहरहरुमा हवाई उडानको सम्भाव्यता रहेकाले क्षेत्रीय विमानस्थल विस्तार कार्य शीघ्र सम्पन्न गरियोस । पोखरा मुक्तिनाथ द्रुतमार्ग निर्माणका लागि पहल होस । महासंघको छवीमै दाग लगाउनेहरुलाई कारवाही गरिनु पर्दछ ।

**प्रमोकुमार श्रेष्ठ, अध्यक्ष, लम्जुङ उद्योग वाणिज्य संघ**

स्थानीय निकायमा उद्योग वाणिज्य संघहरुको प्रतिनिधित्व अनिवार्य हुने व्यवस्था हुनु पर्छ । उद्योग वाणिज्य महासंघले सदस्य जिल्ला उद्योग वाणिज्य संघहरुको विकासमा अझ बढी ध्यान केन्द्रीत गरोस । वार्षिक क्यालेन्डरनै बनाएर कार्यक्रमहरु सबै सदस्यहरुसम्म पुऱ्याउनु पर्छ । पर्यटन वर्षलाई सफलपार्न महासंघले पनि कार्यक्रमहरु ल्याउन पहल गर्नुपर्छ। लमजुङ जिल्ला साना तथा मझौला जलविद्युतका लागि सम्भावित जिल्ला हो । अनेकन अप्ठ्याहरुका कारण जलविद्युतको विकासमा कठिनाई उत्पन्न भएको छ, यसर्थ साना जलविद्युत विकासका लागि सरकारबाट ठोस र स्पष्ट नीति ल्याउन महासंघले विशेष पहल गरोस । लमजुङ जिल्ला पर्यटन क्षेत्र भएकाले यसको विकासका लागि केन्द्रबाट कार्यक्रमहरु दिनुपर्‍यो । लमजुङ जिल्लामा विमानस्थल निर्माण कार्यलाई अगाडी बढाउन आग्रह गर्दछु ।

**उत्पत्तिको प्रमाणपत्र...**

प्रमाणपत्र जारी गर्ने अधिकार पनि महासंघलाईनै प्रदान गरेको छ । यस अघि नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालयले तेश्रो मुलुकका लागि जारी हुने उत्पत्तिको प्रमाणपत्र नेपाल चेम्वर र नेपाल उद्योग परिसंघलाई पनि अधिकार दिने र भारत निकासीका हकमा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र मार्फत गराउने सम्बन्धमा २०६७ जेठ ७ गते मन्त्रिस्तरबाट गरेको निर्णयको महासंघले घोर विरोध गर्दै आएको थियो ।

सो निर्णयले नेपालका ७५ वटै जिल्लामा फैलिएका उद्योग वाणिज्य संघहरु, राष्ट्रियस्तरका बस्तुगत संघहरु र द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु लगायत सम्पूर्ण निजी क्षेत्रलाईनै मर्माहत र विचलित तुल्याएको प्रतिक्रिया महासंघले जनायो ।

महासंघले उत्पत्तिको प्रमाणपत्र र नेपालको निकासी व्यापारलाई विश्वसनिय बनाउन दशकौंको प्रयासमा बनाएको संरचना यो निर्णय लागू भएमा भताभुङ्ग हुने र नेपालबाट जारी भएको उत्पत्तिको प्रमाणपत्रको विश्वसनियता समेत गुम्न जाने सम्बन्धमा सरकार, राजनीतिक दलहरु लगायत सरोकारवाला सबै निकायहरुमा गराएको थियो ।

महासंघले मापदण्ड निर्धारण गरी मापदण्ड अनुसार योग्यता पुगेका जिल्ला/ नगरस्तरिय उद्योग वाणिज्य संघहरुबाट उत्पत्तिको प्रमाणपत्र जारी गराउँदै आएको हो र यस कार्यबाट प्राप्त रकम पनि जारी गर्ने उद्योग वाणिज्य संघ, बस्तुगत संघहरु, द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु, निर्यात हुने बस्तु उत्पादन गर्ने तर उत्पत्तिको प्रमाणपत्र जारी नगर्ने उद्योग वाणिज्य संघहरु र महासंघसंग आवद्ध नभएका उद्योग व्यबसाय क्षेत्रका निर्यातसंग सम्बन्धित संघ/संस्थाहरुको संस्थागत विकासका लागि पारदर्शि तरिकाले विभाजन र वितरण गरिदै आएको छ ।

महासंघले उत्पत्तिको प्रमाणपत्र जारी गर्दा नेपालको उत्पादन हुन योग्यता पुगेका वस्तुहरुले मात्र उत्पत्तिको प्रमाणपत्र पाउन भन्ने विशेष ख्याल गर्दै आएको छ र यसका लागि विशेष संरचना पनि बनाएको छ । विगतमा नेपालको उत्पादन हुन योग्यता नपुगेका बस्तुहरुलाई नेपालको उत्पत्तिको प्रमाणपत्र जारी गरी दिन पटकपटक प्रयास भएका हुन र महासंघले त्यसो गर्न नमान्दा महासंघको प्रमाणपत्र जारी गर्ने अधिकार फिर्ता लिइनुपर्दछ वा अरु संस्थालाई यसको अधिकार दिइनु पर्दछ भन्ने धारणा नआएका होइनन् । तर महासंघले राष्ट्रिय हितलाई संधै सर्वोपरी राखी नेपाली बस्तुलाई उत्पत्तिको प्रमाणपत्र दिने संरचना बनाएको हो ।

अहिले एक्कासी आएर दशकौंको अथक प्रयास पछि बनेको यो संरचना भत्काउने खालको निर्णयले नेपालको छिमेकी मुलुक खास गरी भारतसंग भएको व्यापार सन्धि अन्तरगत हुने सहुलियत दरको व्यापारमा समेत प्रतिकुल असर पर्ने महासंघले आफ्नो प्रतिक्रियामा जनाएको थियो ।

उत्पत्तिको प्रमाणपत्र संस्थाको एकाधिकार तोड्ने वा २-४ पैसाको बांडफांडको मात्रको बिषय होइन यो त नेपाली बस्तु कुन हो र कुन होइन भनेर छुट्याउने, यसको नियमन र व्यवस्थापन गर्ने, सहुलियत दरमा हुने निकासीमा उत्पत्तिको प्रमाणपत्र जारी गरिंदाको संवेदनशिलता, नेपालको लगानीको वातावरण र संघ संस्थाहरुको काम कारवाहीको विश्वसनियतासंग पनि गांसिएको विषय हो । यति मात्र नभई सरकारले तोकेकै आधार र निर्णयको दायरा भित्र रही महासंघले आफ्ना सदस्य जिल्ला/नगर स्तरीय उद्योग वाणिज्य संघहरु मार्फत नियमसम्मत, पारदर्शी र सबैलाई मान्य हुने किसिमले उत्पत्तिको प्रमाणपत्र जारी गर्दै आएको छ ।

सरकारको जेठ ७ गतेको निर्णयले निजी क्षेत्रलाई विभाजित गर्ने, एक संस्था अर्को प्रति खनिने अबस्था बन्नेछ । यो निर्णय लागू भएमा संस्था संस्था बीच अस्वस्थ्य प्रतिस्पर्धा भई विदेशी मुलुकमा नेपाली निर्यात व्यबस्थापनको छवी समेत धमिलिने छ

निर्णय कायम रहने हो भने महासंघ र यसका सदस्य संस्थाहरु आन्दोलित हुन बाध्य हुने हुनाले सरकारलाई राष्ट्र र राष्ट्रको उद्योग व्यबसायको हितमा वाणिज्य तथा आपूर्ति मन्त्रालयको यो निर्णय सच्याउन महासंघले आग्रह समेत गरेको थियो । यसै विषयमा महासंघका अध्यक्ष जोशीको नेतृत्वमा गएको महासंघको प्रतिनिधिमण्डलले प्रधानमन्त्री माधव कुमार नेपाल समक्ष भेटगरि वाणिज्य तथा आपूर्ति मन्त्रालयले उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा जेठ ७ मा गरेको निर्णयको विरोध गर्दै तत्तकाल उक्त निर्णय फिर्ता लिन आव्हान गऱ्यो । महासंघका सदस्य उद्योग वाणिज्य संघहरुका पदाधिकारीहरु समेतको सहभागिता रहेको सो अवसरमा महासंघका अध्यक्ष जोशीले मन्त्रालयको निर्णयबाट सरकार र महासंघ बीचको वर्षौंदेखि स्थापित सम्बन्ध तथा महासंघको संरचनामै धक्का पुग्ने यस्तो निर्णयलाई तत्काल फिर्ता लिन अनुरोध गर्नुभयो ।

त्यसैगरि प्रतिनिधिमण्डलले वाणिज्य तथा आपूर्ति मन्त्री राजेन्द्र महतासंग पनि भेटगरि मन्त्रालयको पछिल्लो निर्णय फिर्ता लिन आव्हान गऱ्यो । महासंघका सदस्यहरु मार्फत जारी भई रहेको उत्पत्तिको प्रमाणपत्रका विषयमा महासंघसंग एकशब्द पनि नसोधी निर्णय हुनु दुःखद भएको वताउँदै निर्णयमा पुनर विचार नभए निजी क्षेत्र आन्दोलित हुन वाध्य हुने जानकारी गरायो । सो विषयमा महासंघले गम्भीर आपत्ति प्रकट गरेपछि वाणिज्य तथा आपूर्ति मन्त्रालयले सहसचिव सूर्य सिलवालको संयोजकत्वमा एक अध्ययन समिति गठन गरि समस्या समाधानमा कार्य गरेको थियो । त्यसअघि महासंघले उत्पत्तिको प्रमाणपत्रका विषयमा एक पत्रकार सम्मेलनको आयोजना गरि सो विषयमा आमजनमानसमा स्पष्ट समेत पारेको थियो ।

**राजेन्द्र प्रसाद कडेल, अध्यक्ष गुलरिया उवासंघ**

व्यावसायिक जगतका लागि टाउको दुखाईको विषय बनेको कार्टेलिङ, जोरविजोर, कवाडी कर जस्ता समस्याहरुका विषयमा सरकारले जे जस्तो निर्णय गरेपनि त्यसको कार्यान्वयन हुन सकेको छैन । निर्णयको छोटो समयमै सिण्डिकेट तोडिएको छ । आज पनि व्यवसायीहरु यसबाट सताइएका छन् । उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा निकै ठूलो राजनीति भएको छ । महासंघ जस्तो निजी क्षेत्रको सर्वोच्च संस्थालाई भरखर खुलेका संस्थासंग दाजोमा राखेर निर्णय गर्ने सरकारको रवैको सबैबाट विरोध गरिनु पर्छ । मुलुकको समस्या समाधानका लागि महासंघले थालेका प्रयासहरुलाई निरन्तरता दिइयोस ।

**महेन्द्रकुमार श्रेष्ठ, अध्यक्ष, सिद्धार्थनगर उद्योग वाणिज्य संघ**

जलविद्युत र पर्यटन हाम्रा तुलनात्मक लाभका क्षेत्र हुन । लुम्बिनीलाई विशेष पर्यटकीय क्षेत्रको रुपमा विकास गरियोस । लुम्विनी क्षेत्रको ११ किमी वरपर उद्योग स्थापना गर्न नपाइने नीति हुँदा हुँदै यसमा विभिन्न समयमा विभिन्न थप निर्णय आउदा उद्योगी व्यवसायी समस्यामा परेका छन् । यसले उद्योग विकासको ठूलो संरचनालाईनै असर पर्न गएको छ । भैरहवाको सुख्खा वन्दरगाह संचालनका लागि सेज कानून आउनु पर्‍यो । कवाडी कर, चक्रप्रणाली खारेज भएको घोषणा भएपनि अहिले पनि विभिन्न नाउमा ती करहरुबाट व्यवसायहिरु सताइरहेका छन् । यस सम्बन्धमा महासंघका तर्फबाट सरकार समक्ष गम्भीर आवाज उठाउनु पर्‍यो । महासंघको लुम्विनी विकास फोरमलाई बढी सक्रिय बनाई कार्यक्रमहरु लैजानु पर्‍यो । निजी क्षेत्र एक भएर समस्या समाधानमा सरकारलाई दवाव दिनु पर्‍यो ।

**हरिलाल चौधरी, अध्यक्ष, बर्दिया उद्योग वाणिज्य संघ**

उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अधिकार अरु संस्थाहरुलाई पनि दिंदा महासंघ संग किन समन्वय गरिएन । संघहरुले महासंघमा राखेका प्रस्तावहरुको विषयमा सदस्यहरुलाई जानकारी गराउने व्यवस्था गरियोस । सरकारलाई सहयोग गरिरहेको निजी क्षेत्रको गुनलाई बिर्सिएर निजी क्षेत्रका विपरित भएका अभिव्यक्तिको महासंघले विरोध गर्नुपर्छ ।

**रमेश प्रसाद श्रेष्ठ, चिफ अफ अपरेशन, हिमालयन डिष्टिलरी लि.**

महासंघ भनेको निजी क्षेत्रका लागि आपत परेका वेला गएर सुरक्षा लिने "किल्ला" हो । त्यसैले महासंघलाई बलियो बनाउनु पर्छ । उत्पत्तिको प्रमाणपत्र विषयमा हाम्रो तर्फबाट भएको कमीकमजोरीलाई मूल्यांकन गर्दै आगामी दिनमा महासंघ मार्फतनै जारी गर्ने सम्बन्धमा पुन निर्णय गर्न सरकारलाई दवाव दिनु पर्छ ।

**प्रभात किरण सुवेदी, अध्यक्ष, धादिङ उद्योग वाणिज्य संघ**

सबै जिल्ला नगर उद्योग वाणिज्य संघहरु आर्थिक रुपमा सवल हुनु पर्छ । यसका लागि महासंघले प्याकेज कार्यक्रम ल्याउनु पर्‍यो । स्वरोजगार कार्यक्रमबाट संघहरुको संस्थागत विकासमा निकै सघाउ पुग्न गएकाले यसलाई व्यवस्थित बनाउन पहल होस । धादिङ जिल्ला विस्तारै औद्योगिक जिल्लाका रुपमा रुपान्तरण हुँदै गएको छ । आगामी वर्षदेखि लोडसेडिङ मुक्त जिल्ला समेत हुँदैछ । साथै यो जिल्ला उपत्यकामा तरकारी आपूर्ति गर्ने सबैभन्दा प्रमुख जिल्ला समेत भएकाले यस जिल्लाको कृषियोग्य भूभागलाई संरक्षण गरि त्यस वाहेकका क्षेत्रमा उद्योगहरु विस्तार गर्ने योजना ल्याउने कार्यमा महासंघबाट सहयोग होस । हामी धादिङमा उद्योग गर्न चाहनेहरुलाई स्वागत गर्दछौं । बढ्दो सवारी चापका कारण यस जिल्लामा पर्ने राजमार्गलाई सवारी जामबाट मुक्त गर्न धादिङ उवासंघसँग निकै धेरै कार्यक्रमहरु भएकाले हामी त्यो कार्यान्वयन गर्न चाहान्छौं महासंघबाट सहयोग होस । बन्द हड्ताल चक्काजाम नगर्ने सम्बन्धमा राजनीतिक पार्टीहरुसंग प्रतिवद्धता लिनु पर्छ । हामीले व्यावसायिक सुरक्षाको माग गर्दा उल्टै निजी क्षेत्रलाई दण्डित किन ?

**श्याम प्रसाद साह, अध्यक्ष जनकपुर उद्योग वाणिज्य संघ**

जनकपुरमा क्षेत्रीय विमानस्थल निर्माण कार्यलाई छिटो अगाडी बडाइयोस । रेल्वे सेवालाई बढी व्यवस्थित र नियमित संचालन हुने वातावरण बनाउनु पर्‍यो । महासंघको जनकपुर विकास फोरमलाई जनकपुरको विकासमा केन्द्रीत कार्यक्रम ल्याउन उपयोग होस । तराईमा शान्ति सुरक्षाको अवस्था दयनीय छ, राज्य यसमा गम्भीर देखिएको छैन । यसमा सरकारको समेत ध्यानाकर्षण गराउनु जरुरी छ । वालुवा गिट्टी निकासी समस्या छ । स्पष्ट नीति नहँदा यस क्षेत्रमा निकै ठूला अनैतिक कामहरु समेत भैरहेका छन् । कवाडीकर अहिलेपनि काटिएको छ । कतिपय स्पष्ट नभएका कुरामा सरकारको ध्यानाकर्षण गराउनु पर्‍यो । उत्पत्तिको प्रमाणपत्रको विषयमा हामी एक ढिक्का हुनै पर्छ अनिमात्र हामी हाम्रो अधिकार खोसर ल्याउन सक्छौं ।

**श्रीराम कावरा, अध्यक्ष, सप्तरी उद्योग वाणिज्य संघ**

गजेन्द्रनारायण औद्योगिक क्षेत्रमा एउटा पनि उद्योग स्थापना हुन सकेको छैन । उक्त औद्योगिक क्षेत्रमा उद्योग स्थापनाका लागि महासंघका तर्फबाट आवश्यक पहल होस । सप्तरीमा मैदा, कागज लगायतका उद्योगहरुको सम्भाव्यता रहेकाले यस्ता उद्योगहरुको स्थापनाको लागि पहल गरियोस । चन्दा आतंक बढ्दो छ, नियन्त्रणका लागि सरकारलाई दवाव दिनु पर्छ ।

**देव प्रयाग गुप्ता, अध्यक्ष रौतहट उद्योग वाणिज्य संघ**

रौतहटको गौर भंसारलाई मुख्य नाकाको रुपमा विकास गर्नको लागि वजेट विनियोजन होस । चन्दा आतंक आक्रमण अपहरण व्याप्त छ । धम्कीको कारण संघ संस्थामा जिम्मेवारी लिएका व्यक्तिहरुनै राजीनामा दिएर बस्नु पर्ने बाध्यता भैरहेको छ । पर्यटन विकासका सम्भाव्यता रहेका स्थानहरुको विकासका लागि आगामी बजेटमा कार्यक्रम ल्याउन महासंघबाट विशेष पहल गर्नुपर्छ । रौतहटको भंसारलाई व्यवस्थित गर्न प्रयास होस, वाइपास रोडको विकास होस, चन्दा, आतंक र भयमुक्त वातावरणमा उद्योग व्यवसाय गर्ने वातावरण बनाउन सरकारलाई दवाव दिनु पर्‍यो । द्वन्दकालमा विस्थापित भएका उद्योग व्यवसायलाई पुनरस्थापना गर्न विशेष प्याकेज ल्याउन पहल होस ।

**टंकप्रसाद दुलाल, अध्यक्ष, उद्योग वाणिज्य संघ, इटहरी**

उत्पत्तिको प्रमाणपत्रको विषयमा सरकारी निर्णयले महासंघको वर्षौदेखिको संरचनामा धक्का पुग्न गएको छ । महासंघले जारी गर्दै आएको एकद्वार प्रणालीबाटनै जारी गर्ने व्यवस्था होस । शान्ति सुरक्षाको विषयमा महासंघले जतिपनि कार्यक्रम गरेको छ त्यसबाट महासंघलाई निकैनै लाभ पुग्न गएको छ, घाटा होइन । युवा स्वरोजगार कार्यक्रमको विषयमा यसलाई बढी व्यवस्थित पार्ने तर्फ महासंघको ध्यान जाओस । स्थायी श्रोत नभएका संघहरुको लागि दीगो श्रोतको पहिचान सहित आफै र सक्षम संस्थाको रुपमा विकास गर्ने कार्यक्रम महासंघले ल्याउनु पर्छ । बन्द हड्ताल सदाका लागि वन्द गर्न देशभर संयन्त्र निर्माण गरेर जानुपर्छ जसबाट पार्टीहरुलाई सो कार्य नगर्न दवाव पुग्न जान्छ ।

**शंकर श्रेष्ठ, अध्यक्ष, उद्योग वाणिज्य संघ, बुटवल**

सदस्यहरुबाट आएको सुझाव कार्यान्वयन होस । द्वन्द र अस्थिरताले उद्योग व्यवसाय घाटामा गएकाले व्यवसायीहरुको उत्थानका लागि महासंघले सरकारमा पहल गरोस । सिमाका बजारमा गएर सामान किन्ने प्रवित्तिको अन्त्य हुने वातावरण निर्माण होस । वुटवलको जंगल क्षेत्र पछाडीको भागलाई औद्योगिक क्षेत्रको रुपमा विकास गर्न पहल होस । सडकहरुलाई बाढी पहिरोबाट सुरक्षीत राख्न प्रयास होस । अंचल क्षेत्रका प्रतिनिधिहरुले आ-आफनाक्षेत्रमा बैठक बसी सो क्षेत्रका समस्या एकमुष्ठ रुपमा महासंघमा ल्याउने प्रक्रियाको थालनी गरियोस ।

**केशवराज पाण्डे अध्यक्ष मेची उद्योग वाणिज्य संघ,**

महासंघको छवीलाई कमजोर बनाउने जो सुकैलाई पनि कारवाहीको दायरामा ल्याउनु पर्छ । उत्पत्तिको प्रमाणपत्रको समस्यालाई समाधान गर्न पुर्व अध्यक्षज्यूहरुबाट विशेष भूमिका निर्वाह होस । महासंघलाई कमजोर बनाउन चाहने तत्वहरुका विरुद्धमा लड्न पूर्व अध्यक्षहरु एकजुट हुनुपर्छ ।

**संतोष कुमार खड्का अध्यक्ष, ताप्लेजुङ उद्योग वाणिज्य संघ**

मेची अंचलका उद्योग वाणिज्य संघहरुको भेलाले उत्पत्तिको प्रमाणपत्र

→

महासंघको एकद्वार प्रणालीबाटै यथावत हुनुपर्ने निर्णय गरेको छ। महासंघले सदस्य संघहरुको विकासका लागि विविध कार्यक्रमहरु ल्याउनु पर्छ। अलैचीलाई "एक गाउ एक उत्पादन" कार्यक्रम अन्तरगत राखेर विकास गरिनु पर्दछ।

**नरबहादुर रोकाया, अध्यक्ष, हुम्ला उद्योग वाणिज्य संघ**

वार्षिक साधारण सभामा उठेका विषयहरुको कार्यान्वयन गर्ने काम गरियोस। महासंघका आगामी दिनका नीति तथा कार्यक्रमहरु के रहेका छन् तिनीहरुको स्पष्ट जानकारी आओस। जिल्लाका कार्यक्रमहरुलाई समेटेर प्रगति विवरण समावेश गरियोस। कर्णालीमा जडीबुटी प्रशोधनका लागि व्यवस्था गरियोस। पर्यटन विकासको प्रचुर सम्भावना रहेकोले यस तर्फ महासंघले कार्यक्रम ल्याउनु पर्दछ। हुम्लामा वाणिज्य बैक मात्र रहेकाले अन्य बैंकहरुको स्थापनाका लागि विशेष पहल होस। ढुवानी व्यवस्थालाई प्रभावकारी र सर्वसुलभ बनाउन महासंघले विशेष रुपमा पहल गर्नुपर्छ। जिल्ला नगर उवासंघहरुको समस्या समाधानका लागि महासंघमा एउटा छुट्टै सेलको स्थापना गरियोस। पर्यटन सम्भाव्य क्षेत्र भएकाले कार्यक्रम ल्याउन महासंघबाट सहयोग होस।

**हरिहर वुढाथोकी, अध्यक्ष, सल्यान उद्योग वाणिज्य संघ**

राष्ट्रिय वाणिज्य बैक पुनस्थापनामा पहल होस। कृषिमा गणना भएको जिल्लाका उत्पादनलाई बजारको उचित व्यवस्था गरिदिनु परयो। कोल्ड स्टोरेजको स्थापना होस। स्थानीय व्यवसायी र कृषकलाई लाभ हुने कार्यक्रम ल्याउनु पऱ्यो। चुनढुंगा, अदुवा लगायत अन्य उच्च मुल्यका कृषि उत्पादन उद्योग फस्टाउने प्रयास होस। शान्ति सुरक्षाको व्यवस्था प्रभावकारी बनाइयोस्। उस्तै प्रकृतिका संघ संस्थाहरु खुल्दै जानेक्रम वढेकाले महासंघलाई अझ बढी प्रभावकारी वनाउनु पर्ने चुनौती आएको छ। ज्यान सुरक्षाका लागि चन्दा दिनु परेको छ। व्यवसायीको सुरक्षा खोई ?

**रामबाबु जोशी, अध्यक्ष, गोरखा उद्योग वाणिज्य संघ**

परिवर्तन भयो। जिल्लाको विकास वारे कुरा भयो। उत्पत्तिको प्रमाणपत्रको विषयले दुःखी वनाएको छ। एकता वलियो हुनु पर्दछ। महासंघले गरेका कार्यक्रमहरु निकै सराहनीय छन्। उत्पत्तिको प्रमाणपत्रका विषयमा उत्पन्न समस्या समाधानमा विशेष सावधानी अपनाउनु पर्छ। ट्रेड स्कूल कार्यक्रम, यूवा स्वरोजगार कार्यक्रम, जापानमा औद्योगिक प्रशिक्षार्थी पठाउने कार्यक्रम जस्ता कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अगाडी लैजानु पर्दछ।

**ले. याम बहादुर गुरुङ,अध्यक्ष, वालिङ उद्योग वाणिज्य संघ**

मुलुकमा दीगो शान्ति स्थापनाका लागि महासंघले निभाएको भूमिका सराहनीय छ। यसले महासंघको छविलाई अझ उच्च बनाएको छ। महासंघले अहिलेसम्म गरेका कार्यक्रम र त्यसबाट महासंघले पाएको उपलव्धीले महासंघलाई अझ बलियो बनाएको छ, कमजोर होइन। निजी क्षेत्रलाई बलियो बनाउन सामूहिक भावनाले जानुपर्छ। हरेस नखाई निजी क्षेत्रलाई दृढताका साथ लैजानुपर्छ। स्थानीय निकायमा उद्योग वाणिज्य संघहरुको अनिवार्य सहभागिता हुने व्यवस्था हुन महासंघले सरकारमा पहल गर्नुपर्छ। महासंघले आफनै सुविधासम्पन्न हल बनाउने पहल गरोस।

**कृष्णप्रसाद श्रेष्ठ, अध्यक्ष, अर्घाखाँची उद्योग वाणिज्य संघ**

संघहरुको अवस्था हेरेर वर्गिकरणमा पारियोस। कमजोर उद्योग वाणिज्य संघहरुको क्षमता विकासका लागि महासंघले विशेष कार्यक्रमहरु ल्याउनु पर्छ। चक्र प्रणाली लागु गर्न सरकारले प्रतिवन्ध लगाएपनि अहिले जोर विजोर प्रथा लागू गरेर चक्र प्रणालीको पुनरवृत्ती गर्न खोजिएको छ।

**राजेन्द्र कुमार श्रेष्ठ, अध्यक्ष, रत्ननगर उद्योग वाणिज्य संघ**

वन्यजन्तु संरक्षणका लागि महासंघले पनि प्रयास गर्नुपरयो। सडक वोर्ड नेपालले ठाउ ठाउमा ढाट राखेर पैसा उठाई रहेको र सो सम्बन्धमा विरोध गर्दा महासंघ समेतको सहमतीमा उठाउने गरिएको जवाफ आउछ। हामीले ढाट हटाउन अल्टिमेटम दिएका छौं। संघहरुले स्वरोजगार कार्यक्रमबाट काम पाएका छन् भने यसबाट संघहरुलाई आर्थिक सहयोग पनि हुन गएको छ। यो कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रत्येक उद्योग वाणिज्य संघहरुमा एउटा छुट्टै तालीम यूनिट स्थापना गर्नुपर्छ।

**कैसुङ नुर्वु तामाङ, अध्यक्ष, रसुवा उद्योग वाणिज्य संघ**

लघु जलविद्युत उत्पादनमा देखिएका अवरोधलाई हटाउन पहल होस। रसुवा जिल्लामा लघु जलविद्युतको जडीवूटी, वनजंगल जलश्रोतको विकासमा हाम्रो ध्यान जाओस्। रसुवा जिल्ला जडीबुटीका लागि धनी जिल्ला भएकाले यसलाई व्यवसायिकता दिन सकिएमा रसुवालाई एक गाउ एक उत्पादन अन्तररगत जडीवूटीको विकास गर्न सकिने छ। यसो हुन सकेमा राष्ट्रलाईनै फाइदा पुग्न जानेछ।

**नरवीर रावत, अध्यक्ष, मुगु उद्योग वाणिज्य संघ**

कर्णालीमा वर्षेनी ढुवानी समस्याका कारण खाद्यान्न अभाव भई मानिसहरु ज्यान गुमाउन वाध्य भएका छन्। आम जनताले खपत गर्ने अत्यावश्यक वस्तुहरुको ढुवानीमा सहुलियत भाडादरमा ढुवानीको व्यवस्था गर्न महासंघले विशेष पहल गरोस। राजश्व भन्दा बढी व्याजतिर्नु पर्ने अवस्था छ। स्वरोजगार कार्यक्रमलाई व्यवस्थित गरियोस। चन्दा आतंकमा संलग्नहरुलाई पहिचान गरि कारवाही गर्न महासंघले सरकारमा दवाव देओस। हवाई उडानहरुको संख्या बढाउन हवाई कम्पनीहरुमा पहल होस।

**गोपाल श्रेष्ठ, महासचिव, त्रियुगा उद्योग वाणिज्य संघ**

सगरमाथा अंचल भेला भएको छैन। साधारण सभा अगाडी अंचलभेला अनिवार्य हुने व्यवस्था होस। शान्ति सुरक्षाको अवस्था अत्यन्त दयनीय छ। रातदिन चन्दा आतंकमा वस्नु पर्ने उद्यमी व्यवसायीहरुलाई राहत दिनुको साटो आहत दिन काम सरकारले गरेको छ। सरकारलाई हामी चन्दा माग्नेहरुको नाम र हामीलाई काटिएको रसिद दिन्छौ के सरकारले कारवाही गर्न सक्छ ? उत्पत्तिको प्रमाणपत्र सम्बन्धी पुरानै व्यवस्थालाई सरकारले निरन्तरता दिएन भने सम्पूर्ण क्षेत्रनै ठप्प पार्नु पर्छ।

**कपिलदेव प्रसाद यादव, उपाध्यक्ष, वारा उद्योग वाणिज्य संघ**

शान्ति सुरक्षाको अवस्था अत्यन्त नाजुक हुदा उद्यमी व्यवसायीहरु लुकेर बस्नु पर्ने अवस्था छ। प्रशासनबाट उचित सुरक्षा पाउन सकिएको छैन। महासंघले जारी गर्दै आएको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्था पुरानै कायम होस। कृषि वजार निर्माणको योजना छ। यो योजना सम्पन्न भएपछि वारामा उत्पादित कृषि उपजहरु जस्तो तरकारी, फलफूलमा हामी आत्म निर्भर हुन सक्छौं। जोर विरोज चक्रप्रणालीले व्यवसायीहरु निकै समस्यामा परेका छन्। यसलाई हटाउने कार्यमा महासंघबाट पहल होस।

**सुरकृष्ण वैद्य, महासचिव, काभ्रे उद्योग वाणिज्य संघ**

संघहरुको क्षमता विकासका लागि महासंघबाट विशेष कार्यक्रम ल्याउनु पर्छ। पाचखालमा सुख्खा वन्दरगाह निर्माण कार्यलाई तिव्र रुपमा अगाडी बढाउनु पर्छ। वनेपाको आइटी पार्क, पोलीटेक्निक इन्सिच्यूट छिटो संचालनमा ल्याउन महासंघले पहल गर्नुपरयो। चन्दा, आतंक भन्दा पनि यतिखेर व्यवसायीहरुमा बैंक आतंक सवैभन्दा डरलाग्दो भएको छ। चर्को व्याजदरले ऋण तिर्न सक्ने अवस्था छैन। बैकिङ व्याजदर दोव्वर हुदा व्यवसायीहरु अत्यन्त मारमा परेका छन्। यसले व्यवसायनै बन्द गर्नुपर्ने अवस्था आएको छ।

**कुमार वहादुर खड्का, अध्यक्ष, जाजरकोट उद्योग वाणिज्य संघ**

जाजरकोट जिल्ला मानव विकास सूचकांकमा सवैभन्दा पछाडी रहेको छ। जाजरकोट जिल्लामा हवाई सुविधा अहिलेसम्म छैन। छ महिना यातायात चल्छ वांकी महिना यातायात सेवा वन्द हुन्छ। सडक तथा पूल निर्माणका लागि माग गरिएपनि सुनुवाई भएको छैन। सरकारले महासंघले गरेका क्रियाकलापलाई उल्टो अर्थमा वुझेको छ। दैविप्रकोप, प्राकतिक विपत्तिमा उद्योग वाणिज्य संघहरुले अग्रसर भएर गरेको सेवाका कारण जनताको नजरमा उद्योग वाणिज्य संघहरुप्रति निकै राम्रो छाप पर्न गएको छ। यसलाई हामीले जिवन्त राख्न सक्नु पर्छ।

→

**दिलसुन्दर श्रेष्ठ, अध्यक्ष, धुलिखेल उद्योग वाणिज्य संघ**

महासंघको छवीमा दाग लगाउने जोकोहीलाई कारवाही गर्नु पर्छ। एकद्वार बाट पुरानै व्यवस्था अनुसार उत्पत्तिको प्रमाणपत्र जारी गर्न सरकारलाई दवाव दिनु पर्छ। यूवा स्वरोजगार कार्यक्रममा समस्या छ। प्रज्ञापनपत्रमा आतंक मच्चाइएको छ। धुलिखेललाई पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्न महासंघबाट विशेष कार्यक्रम आउनु पर्छ।

**विष्णुबहादुर शाही, अध्यक्ष, सुर्खेत उद्योग वाणिज्य संघ**

महासंघले आयोजना गर्ने कार्यक्रमहरुका सम्बन्धमा सवै सदस्यहरुमा जानकारी हुनु पर्छ। उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्थालाई व्यवस्थित र एकद्वारबाटै गरिनु पर्दछ। जिल्ला जिल्लामा अन्य नामबाट पनि उद्योग व्यापार संघ दर्ता हुने क्रम तिव्र भएकाले महासंघले यस तर्फ विशेष सावधानी अपनाउनु पर्दछ। पर्यटक विकासका लागि संघले अगाडी बढाएको कार्यक्रमहरुमा महासंघले पनि सहयोग गर्नुपर्छ।

**शैलेन्द्रलाल प्रधान, अध्यक्ष, नेपाल प्लाष्टिक्स उत्पादक संघ**

उत्पत्तिको प्रमाणपत्रको पैसा बाँडफाँडलाई प्रभावकारी पार्नुपर्‍यो। सवै सदस्यहरुलाई नयाँ औद्योगिक नीतिका विषयमा जानकारी गराउनु जरुरी छ। नयाँ नीतिका विषयमा दिनुपर्ने सुझाव पारित गरेर दिन सकेको खण्डमा राम्रो हुनेछ।

**राजेन्द्र घिमिरे, अध्यक्ष, झापा उद्योग वाणिज्य संघ**

कृषिजन्य उत्पादनमा कर नलाग्ने गरि कर प्रक्रियालाई व्यवस्थित गर्ने, चियाखेती र त्यस क्षेत्रमा देखिएको साना किसान र उद्यमी बीचको अनावश्यक तनावलाई व्यवस्थित गर्न ठोस सरकारी नीति अवलम्वन गरि दुवै पक्ष बीचको असमझदारीलाई सहज बनाउने वातावरण तयार गर्नुपर्ने, कन्काई नदीमा विद्युत उत्पादन गर्नका लागि झापा उद्योग वाणिज्य संघ साझेदार वा केन्द्र भागमा रही कार्य गर्न इच्छुक रहेकाले तदनुरुपको प्रक्रियाको लागि महासंघले भूमिका निर्वाह गरिदिनु पर्छ।

**दूर्गा विक्रम थापा, महासचिव, नेपाल पश्मिना उद्योग संघ**

उत्पत्तिको प्रमाणपत्र वापत सदस्यहरुले पाउने रकम समयमै व्यवस्थित रुपमा वितरण हुनु पर्‍यो। निर्यात हुने वस्तुहरु दिनप्रतिदिन घट्दै गएकाले निर्यात बढाउन महासंघका तर्फबाट विशेष रुपमा पहल हुनु पर्‍यो।

**दिनेश भण्डारी, अध्यक्ष, कैलाली उद्योग वाणिज्य संघ**

सिण्डिकेटको विरोध गर्नु पर्छ। खुला सिमानाका कारण चोरी निकासी निकै बढ्दा स्थानीय वजारमा प्रत्यक्ष असर पर्न गएको छ। चन्दा आतंक निकै तीव्र रुपमा बढ्न जाँदा व्यवसायीहरु समस्यामा परेका छन्। यस्ता गतिविधिहरु निस्तेज गर्न महासंघबाट पहल हुनु पर्‍यो।

**मन्तव्य राख्ने क्रममा टिकापुर उद्योग वाणिज्य संघका अध्यक्ष नवराज रावल, नेपाल मसलन्द उद्योग संघका उपाध्यक्ष सुनिल गोपाल श्रेष्ठ, स्याङ्जा उद्योग वाणिज्य संघ द्वितिय उपाध्यक्ष महेन्द्र श्रेष्ठ, कंचनपुर उद्योग वाणिज्य संघ अध्यक्ष हेम विक्रम थापा, रामेछाप उद्योग वाणिज्य संघका अध्यक्ष पशुपति खड्का, तनहुं उद्योग वाणिज्य संघका अध्यक्ष मोहन विक र नेपाल इलेक्ट्रिकल एसोसिएसनका अध्यक्ष गोविन्द प्रसाद कँडेलले आ–आफनो क्षेत्रका समस्या एवं शान्ति सुरक्षा, उत्पत्तिको प्रमाणपत्र, जिल्लाका कर लगायतका समस्याका विषयमा सुझावहरु राख्नु भएको।** ⁕


## Bharat Kumar Shrestha
*Managing Director*

# DHAULAGIRI BUSINESS LINK PVT. LTD.

## Import & Export of Readymade Garments

*Wotu Tole, Kathmandu, Nepal*
*Tel: 4-224441, Fax: 4-243792*
*Email: bharatbkk@hotmail.com*

# राजनीतिक सहमती नै निकासको उत्तम विकल्पः नेउवामहासंघ

नेपाल उद्योग वाणिज्य महासंघले मुलुकभित्र दीगो शान्ति स्थापनाको लागि अग्रणी भूमिका खेल्दै आएको छ। मुलुकमा कायम रहेको राजनीतिक अन्यौलताका बीच निजी क्षेत्रको प्रतिनिधिमुलक संस्थाको हैसियतबाट दीगो शान्ति स्थापनाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न दिएको जिम्मेवारी अनुरुप महासंघले निरन्तर कार्य गर्दै आएको छ।

मुलुकको राजनीतिक अवस्था, शान्ति सुरक्षाको अवस्था, उद्योगी व्यवसायीको हत्या, अपहरण, अशान्ति, बन्द हड्ताल चक्काजाम जस्ता आर्थिक विकासका प्रमुख बाधकहरु यथावतनै छ।

आर्थिक व्यावसायिक विकासको लागि उपयुक्त वातावरण तयार भई आर्थिक विकासले गतिलिन नसकेसम्म राजनीतिक उपलव्धी संस्थागत हुन नसक्नेमा निजी क्षेत्र अडिग छ। यसर्थ पनि महासंघले राजनीतिक सहमतीका माध्यमबाट मुलुकलाई निकास दिने कार्यमा निरन्तर दवाव दिंदै आएको छ।



*महासंघको नेतृत्वमा आयोजित शान्तिसभा।*

निर्धारित मितिमा संविधान निर्माण हुन नसकेपछि संविधान निर्माणका लागि राजनीतिक सहमती कायम गरि थपिएको समयभित्र संविधान निर्माण गर्नका लागि राजनीतिक सहमतीनै एकमात्र उपाय हुने महासंघको जोड छ। अहिले पनि राजनीतिक असहमती चुल्लिदो छ, यस्तो परिस्थितिमा सहमतीको कुनै विकल्प नभएको भन्ने आफनो अडानमा महासंघ निरन्तर लागि रहेको छ।

पछिल्लो पटक दलहरु बीच राजनीतिक सहमती बन्न नसक्दा उत्पन्न असहज अवस्थामा महासंघले नेपाल मेडिया सोसाइटी, टेलिभिजन ब्रोडकाष्टर्स नेपाल, होटल संघ नेपाल, नेपाल चेम्वर लगायतका संस्थाको अग्रसरतामा “जनता जान्न चाहान्छन शीर्षकको निर्णायक बहस आयोजना गरि एमाओवादी, नेपाली काग्रेस, एमालेका शीर्ष नेताहरुलाई एकै थलोमा भेला गराई राजनीतिक सहमतीका माध्यमबाट अगाडी बढ्ने प्रतिवद्धता लिने कार्य गर्‍यो। उक्त कार्यक्रममा शीर्ष नेताहरुबाट सहमतीका लागि आ-आफनो तर्फबाट प्रतिवद्धता पनि भयो। तर पनि आजसम्म उक्त प्रतिवद्धताले ठोस आकार लिन नसक्दा मुलुक थप अन्यौलता तर्फ अगाडी बढ्न वाध्य भएको छ।

यस कार्यक्रमबाट कठिन राजनीतिक मोडमा राजनीतिक दलहरुलाई एकै ठाउमा भेला गराई समस्या समाधानमा एक चिन्तित र जिम्मेवार संस्थाको रुपमा महासंघ स्थापित हुन पुगेको छ।

त्यसैगरि एकिकृत नेपाल कम्युनिष्ट पार्टी माओवादीले आयोजना गरेको अनिश्चितकालिन आमहड्तालबाट मुलुक अत्यन्त आक्रान्त हुँदै गएको र नया संविधान निर्माण गरि घोषणा गर्ने दिन अत्यन्त नजिक आइसक्दा समेत राजनीतिक दलहरु बीच आपसी सहमती बन्न नसक्ने अवस्थामा महासंघले माओवादीलाई आमहड्ताल फिर्ता लिई राष्ट्रलाई गम्भीर संकटबाट बचाउन तथा दलहरुलाई राजनीतिक सहमतीका माध्यबाट समस्या समाधान तथा संविधानसभाको समयावधी थप गरि थपिएको समयभित्र नयां संविधान निर्माण गर्ने सुनिश्चितता प्रदान गर्न दवाव दिने उद्देश्यले अन्य संघ/संस्थाहरुको सहभागितामा काठमाडौं लगायत मुलुकभर गत वैशाख २४ गते वृहद शान्ति सभाको आयोजना गर्‍यो।

शान्ति सभामा उपस्थित लाखौ नेपाली जनताहरुको सहभागिताले नेपाली जनताहरु कुनै पनि प्रकारको वन्द हड्ताल चाहदैनन, शान्ति स्थापनाका लागि सबै राजनीतिक दलहरु मिल भन्ने सन्देश दिनुको साथै आम हड्ताल फिर्ता लिन समेत निकै ठूलो दवाव पुग्न गयो। यो कार्यक्रमले महासंघलाई तल्लो तहका जनतासम्म स्थापित गर्न सहयोग पुग्यो। महासंघलाई समाजका तल्लो तहका जनतासम्मले विश्वसनिय र जिम्मेवार संस्थाको रुपमा हेर्न थाले र यो कार्यक्रम महासंघको आफनो चारदशक भन्दो लामो इतिहासमा सवैभन्दा महत्वपूर्ण कार्यक्रमको रुपमा स्थापित हुन पुग्यो। करिव हप्तादिन भन्दा बढी गैसकेको आम हड्तालका कारण अस्तव्यस्त तर्फ गैरहेको अवस्थामा आयोजना भएको यो शान्ति सभा मुलुकलाई सायद भयानक संकटबाट बचाउन रामवाण सावित हुन पुग्यो।

राजनीतिक अवस्था तरल नै रहयो, समयमा संविधान निर्माण हुन सकेन, संक्रमणकालिन अवस्था लम्विन गयो, अस्तव्यस्त कायमै भयो भने राष्ट्रको आर्थिक अवस्था अत्यन्त नाजुक बन्दै जाने र उद्योग व्यवसाय तहस नहस हुने अवस्था सृजना भयो भने निजी क्षेत्रले राज्यलाई कर तिर्न नसक्ने अवस्था आउने हुदा मुलुकलाई थप वरवादी तर्फ जानबाट रोक्न दलहरु बीच समयमै राजनीतिक सहमतीका माध्यमबाट समस्याको निरुपण गर्न महासंघले आफना सबै सदस्यहरुको सहभागितामा काठमाडौंमा एक आकष्मिक भेला आयोजना गरि निजी क्षेत्रका तर्फबाट तत्काल राजनीतिक सहमती कायम गरि संविधान सभाको समयावधी थप गरि थपिएको समयभित्र संविधान निर्माणका लागि दवाव दियो।

महासंघले पवित्र उद्देश्यका साथ आयोजना गरेपनि उक्त भेलाका निर्णयका विषयमा विभिन्न टिकाटिप्पणी भएतापनि मुलुकलाई सही दिशा तर्फ लैजान राजनीतिक पार्टीहरुलाई निश्चित रुपमा दवाव सृजना गर्न उक्त आकष्मिक भेला महत्वपूर्ण रहन गएको धारणा आम जनमानसको रहेको छ।

समग्रमा महासंघका यी गतिविधिहरु महासंघलाई अगाडी लैजान निकै सहयोगी भएको विश्वास गरिएको छ।

## दीगो सरकार नबनेसम्म व्यवसायी मर्कामै पर्ने

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले स्थिर सरकार नवनेसम्म व्यवसायी चन्दा आतंकको मारमा परिरहने वताउनु भएको छ। धनकुटा उद्योग वाणिज्य संघको नयाँ भवनको शिलान्यास गर्नुहुँदै अध्यक्ष जोशीले उद्योग व्यवसाय फस्टाउने वातावरण भएमात्र कर तिर्न सकिने र अब बन्ने सरकार सहमती र दीगो वन्नुपर्नेमा जोड दिनु भयो। अध्यक्ष जोशीले संकटग्रस्त आर्थिक अवस्था सुधार गर्नका लागि उद्योगी व्यवसायीहरुको योगदान अहिले राज्यले खोजीरहेको उहाँको धारणा थियो।

उपाध्यक्ष प्रदीपजंग पाण्डेले आगामी सरकार नागरिक अधिकार प्रति वफादार वन्नुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा महासंघका कार्यकारिणी समिति सदस्य किशोर प्रधान, सुनसरी उवासंघका अध्यक्ष मोहनकाजी शाक्य, पूर्व अध्यक्ष अशोक ताम्राकार, उद्योग संगठन मोरङका मुकेश उपाध्याय लगायतले उद्योग व्यवसायको सुरक्षाका लागि सरकारको ध्यानाकर्षण गराउनु भएको थियो। संघको नवनिर्मित भवन निर्माणका लागि छिमेकी जिल्ला र उद्यमीहरुले करिव साढे ६ लाख आर्थिक सहयोग गरेका छन्। सो भवन आगामी छ महिना भित्र तयार हुने संघका अध्यक्ष लालचन्द गोडवाले सो अवसरमा गराउनु भयो।

**नेपाल र यूएईको...**

Chambers of Commerce & Industry), अवुधावी र दुवई उद्योग वाणिज्य संघका पदाधिकारी, नेपाली राजदुतावास तथा यूएईमा कार्यरत गैर आवासीय नेपालीहरुसँग भेटघाट गरि नेपाल र यूएई बीच आर्थिक सहकार्य, वैदेशिक लगानीमा नेपाल सरकारको नीति, मुलुकको आर्थिक व्यावसायिक विस्तारमा नेपाली निजी क्षेत्रले गरेका प्रयासहरु, नेपालमा जलविद्युत, पूर्वाधार, कृषि, पर्यटन क्षेत्रमा लगानीको सम्भाव्यता, नेपालबाट यूएईमा निर्यात हुन सक्ने वस्तुहरु, नेपालको मुख्य रोजगार गन्तव्यको रुपमा रहेको यूएईमा थप रोजगारीको सम्भाव्यता, दक्ष जनशक्ति उत्पादनमा सहयोग तथा आपसी सहकार्यका लागि आर्थिक कुटनीतिको भूमिका लगायतका विषयमा छलफल गरि त्यहाँको सरकार लगायत निजी क्षेत्रको ध्यानाकर्षण गराउन सफल भएको छ।

भेटका क्रममा वैदेशिक व्यापार मन्त्री लुवानाले दुई देश बीचको व्यावसायिक भ्रमणका लागि नेपाल उद्योग वाणिज्य महासंघको लामो प्रयासको सराहना गर्दै नेपालीहरु बढी विश्वासिला र लगनशील भएकाले यूएईको सुरक्षा क्षेत्रमा नेपालीहरुको उल्लेख्य संलग्नता रहेको स्पष्ट पार्नु भयो।

यूएइमा झण्डै डेढ लाखको संख्यामा नेपालीहरु कार्यरत छन्। ती मध्ये झण्डै ७५ प्रतिशत नेपालीहरु सुरक्षा क्षेत्रमा कार्यरत छन्। सन् १९७७ मा दौत्य सम्बन्ध स्थापना भएको यी दुई मुलक बीच निजी क्षेत्रबाट यसरी उच्चस्तरमा भएको यो पहिलो भ्रमण हो। तीन करोड ७३ लाख ६० हजार अमेरिकी डलरको व्यापार घाटा व्यहोरीरहेको नेपालबाट यूएईमा उच्च मूल्यका कृषि उत्पादन जस्तो अलैची, चिया, कफी, अदुवा, ताजा फूलहरु, हाते गलैचा, हस्तकलाका सामग्रीहरु निर्याततको ठूलो सम्भाव्यता रहेको भ्रमणको क्रममा पाइएको छ।

भ्रमणको क्रममा नेपाल उद्योग वाणिज्य महासंघ र संयुक्त अरव इमिरेट्स उद्योग वाणिज्य महासंघ (FUAECCI) बीच दुई देशको आर्थिक व्यावसायिक सम्बन्ध विस्तारका लागि आपसी सहकार्य गर्ने उद्देश्यले यूएईको फुजेरा इमिरेट्समा सहमतीपत्र (MOU) मा हस्ताक्षर भएको छ। संयुक्त अरव इमिरेट्सका लागि नेपाली राजदुत अर्जुन वहादुर थापाको समुपस्थितिमा वैशाख १४ गते महासंघको प्रतिनिधिमण्डलका नेता एवं महासंघका उपाध्यक्ष प्रदिपजंग पाण्डे र संयुक्त अरव इमिरेट्स उद्योग वाणिज्य महासंघका कार्यवाहक अध्यक्ष एवं फुजेरा उद्योग वाणिज्य संघका अध्यक्ष सैयद अली खमास (Saeed Ali Khammas, Acting President Federation of UAE Chambers of Commerce & Industry) ले सहमतीपत्रमा हस्ताक्षर गर्नुभयो।

१० वुदे सहमतीपत्रमा दुई देश बीचको आर्थिक व्यावसायिक सम्भाव्यताका विषयलाई पहिचान गरी आपसी सहकार्यका माध्यमबाट अगाडी बढाउने, पहिचान भएका सम्भाव्य क्षेत्रहरुमा एक अर्का देशका उद्योग प्रतिष्ठान र व्यवसायीहरुलाई आपसी सम्झौताका माध्यमबाट नजिकमा ल्याएर कार्य गर्न प्रोत्साहित गर्ने, आर्थिक सहयोग तथा व्यावसायिक आदान प्रदानका हितमा कार्य गर्ने यसका लागि सूचनाको आदान प्रदान, वजार पहिचान, नीति तथा कानून, वैदेशिक व्यापार, उत्पादन, निर्यात तथा लगानीसँग सम्बन्धी प्रकाशन एवं सूचनाहरुको आदान प्रदान, मेला महोत्सवको आयोजना, आर्थिक सभा सेमिनार तथा त्यससंग सम्बन्धि गतिविधिहरु संचालन, आर्थिक व्यावसायिक प्रतिनिधिमण्डलको आदान प्रदान गर्ने सहमतीपत्रमा उल्लेख छ।

फुजेरामा आयोजित व्यावसायिक बैठकलाई सम्वोधन गर्नुहुदै नेपाली राजदुत थापाले नेपाली निजी क्षेत्रबाट पहिलोपटक यूएईमा भएको व्यावसायिक भ्रमण एवं सहमतीपत्रमा हस्ताक्षरले आपसी दौत्य सम्बन्धलाई आर्थिक सम्बन्धमा रुपान्तरण गर्न सहयोग पुऱ्याउने विश्वास प्रकट गर्नुभयो।

महासंघका उपाध्यक्ष एवं प्रतिनिधिमण्डलका नेता एवं महासंघका उपाध्यक्ष पाण्डेले राजनीतिक उपलब्धीलाई संस्थागत गर्ने प्रयासमा निरन्तर रुपमा अघि बढी रहेको नेपाललाई यतिखेर आर्थिक विकासका लागि नयाँ लगानी, नयाँ सोच, नयाँ प्रविधि आवश्यकता रहेको बताउनु भयो। यूएईउवामहासंघका कार्यवाहक अध्यक्ष सैयद अली खमासले नेपाल उद्योग वाणिज्य महासंघसंग आर्थिक व्यावसायिक क्षेत्रमा सहकार्य गर्न प्राप्त भएको यो सफलतालाई आफनो संस्थाले ऐतिहासिक उपलब्धीको रुपमा लिएको बताउनु भयो। कार्यवाहक अध्यक्ष खमासले दुवै महासंघ बीचको सहमतीलाई आपसी सम्बन्ध विस्तारका माध्यमबाट आर्थिक सहकार्यलाई अगाडी बढाउने महत्वपूर्ण प्रयासको संज्ञा दिनुभयो।

महासंघको प्रतिनिधिमण्डलले फुजेराको फ्रि पार्ट जोन पुगी त्यहाका केही कम्पनीहरुको अवलोकन समेत गरेको थियो। पूर्वाधारको क्षेत्रमा तिव्र रुपमा विकास गर्दै गएको फुजेरा यूएईको अवुधावी, दुवई पछिको तेश्रो विकसित इमिरेट्स हो। भ्रमणका क्रममा प्रतिनिधिमण्डलले दुवई फल्वार सेन्टर (पुष्प तथा पुष्पजन्य पदार्थहरु) चिस्यान केन्द्रका अवलोकन समेत गरेको थियो। प्रतिनिधिमण्डलका सदस्यहरुमा महासंघको कार्यकारिणी समितिका सदस्यहरु दिनेश श्रेष्ठ, अशोक शर्मा, पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष माइकल कर्माचार्य, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष तिलक बहादुर रानाभाट, नेपाल आर्थिक पत्रकार समाजका महासचिव प्रदीप चापागाई र महासंघका वरिष्ठ अधिकृत विदुरचन्द्र लामिछाने हुनुहुन्थ्यो।

## "काठमाडौं घोषणापत्र" जारी गर्दै महिला उद्यमी प्रवर्द्धन सम्बन्धी राष्ट्रिय गोष्ठी सम्पन्न

महिला उद्यमीहरुको विकास, विस्तार एवं प्रवर्द्धनको लागि हुनु पर्ने व्यवस्थाहरुबारे छलफल गरी ठोस निष्कर्ष एवं सुझावहरु पारित गर्ने उद्देश्यले काठमाडौंमा आयोजित महिला उद्यमी प्रवर्द्धनसम्बन्धी राष्ट्रिय गोष्ठी 'काठमाडौं घोषणापत्र' जारी गर्दै हालै सम्पन्न भयो।

नेपाल सरकारको उद्योग मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल घरेलु तथा साना उद्योग महासंघको संयुक्त तत्वावधानमा आयोजित उक्त गोष्ठीमा नेपाल सरकारको लघु, घरेलु तथा साना उद्योग विकास कोषको सहयोगमा हालै पाँच विकास क्षेत्रमा आयोजना गरेको महिला उद्यमी सम्बन्धी क्षेत्रिय गोष्ठीबाट निस्केका निष्कर्षहरु प्रस्तुतीकरणका साथै मुलुकमा महिला उद्यमीहरुको विकासको सम्भावना, महिला उद्यमीहरुको विकासमा रहेका चुनौति र सो सामना गर्ने उपायहरुबारे व्यापक छलफल भएको थियो।

उद्योगमन्त्री महेन्द्र प्रसाद यादवले उद्घाटन गर्नु भएको सो गोष्ठीमा उद्योग सचिव प्रतापकुमार पाठक, महासंघका अध्यक्ष कुशकुमार जोशीले सरकार र निजी क्षेत्रको सहकार्यमा "संयुक्त कोष"को स्थापना गरि सोही कोष मार्फत वास्तविक उद्यमशील बन्न चाहने तर आर्थिक स्रोत नभएका विपन्न महिलाहरुलाई सहयोग गर्नुपर्ने धारणा राख्नु भयो।

करिव ३० जना महिला उद्यमीहरुको प्रत्यक्ष सहभागिता रहेको सो कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष लता प्याकुरेल, महिला उद्यमी महासंघ नेपालकी अध्यक्ष प्रमिला रिजाल र महासंघको महिला उद्यमी विकास समितिकी सभापति भवानी राणाले नेपाली महिलालाई अर्थतन्त्रको मूल प्रवाहमा नल्याएसम्म समावेशी आर्थिक विकास असम्भव भएकाले महिला उद्यमशीलता प्रवर्द्धनका माध्यमबाट महिलालाई आर्थिक रुपमा सक्षम बनाउनु पर्नेमा जोड दिनुभयो।

# –उद्योग वाणिज्य दिवस–२०६६–

## संविधान निर्माणका लागि निरन्तर दवाव आवश्यक-सभामुख नेम्वाङ


संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङले राजनीतिक दलहरुबीच सहमती भएर संविधान निर्माण भएपछि निजी क्षेत्रका समस्या सम्वोधन हुने वताउनु भएको छ। नेपाल उद्योग वाणिज्य महासंघद्वारा गत चैत २८ गते आयोजित उद्योग वाणिज्य दिवस-२०६६ को काठमाडौंमा उदघाटन गर्दै प्रमुख अतिथि नेम्वाङले निर्धारित समयभित्रै संविधान निर्माण गर्न दलहरुलाई पनि दवाब दिन निजी क्षेत्रलाई आव्हान गर्नुभयो।

त्यसअघि स्वागत मन्तव्य राख्नुहुँदै महासंघका अध्यक्ष जोशीले उद्योग वाणिज्य क्षेत्र अत्यन्त कमजोर वन्दै गएकाले दल र सरोकारवालाहरु बीच सहकार्यबाट समाधान गर्न आव्हान गर्नुभयो। लाठो दिखाएर माग पुरा गराउने, वाटो रोकेर उपस्थिति जनाउने, टायर वालेर शक्ति प्रदर्शन गर्ने र वन्दुक तेर्स्याएर चन्दा लिने प्रचलनले उद्योग व्यवसाय थला परेको बताउनु भयो।

कार्यक्रममा नेपाल ट्रेड युनियन महासंघ(जिफन्ट)का अध्यक्ष विनोद श्रेष्ठ, नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष लक्ष्मण वस्नेतले आपसी समस्यालाई वार्ताको माध्यमबाट समाधान गर्दै एकै थलेमा वसेर समस्याको समाधान गर्नुपर्नेमा जोड दिनु भयो। कार्यक्रममा महासंघका तर्फबाट खुला अर्थतन्त्रका प्रणेता पूर्व प्रधानमन्त्री स्व. गिरिजा प्रसाद कोइरालाको नाममा **जीपी कोइराला आर्थिक पत्रकारिता** पुरस्कारको घोषणा गरिएको थियो। मुलुकको आर्थिक क्षेत्रमा योगदान पुर्याउने संचारकमीहरु मध्ये एक जनालाई उद्योग वाणिज्य दिवसका अवसरमा उक्त पुरस्कारबाट पुरस्कृत गरिने छ।

कार्यक्रमको अन्त्यमा धन्यवाद मन्तव्य दिनुहुँदै महासंघका उपाध्यक्ष कृष्ण प्रसाद ताम्राकारले मुलुकको आर्थिक विकासमा लगानीकर्ता तथा श्रमिक वर्गको उत्तिकै भूमिका रहने हुदा सबैले आआफनो क्षेत्रबाट भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो। उपाध्यक्ष ताम्राकारले स्थानीय तहमा उत्पन्न विवादहरुलाई स्थानीय तहबाटै समाधान गर्ने परिपाटीको विकास हुन पनि आग्रह गर्नुभयो। उद्योग वाणिज्य दिवस उद्घाटन कार्यक्रममा मन्त्रीहरु, सभासदहरु, नेपाल सरकारका उच्च अधिकारीहरु, महासंघका पदाधिकारी एवं कासहरु, उद्योगी व्यवसायीहरु लगायतको उपस्थिति रहेको थियो।

## नेउवामहासंघको महानिर्देशकमा डा. दवाडी नियुक्त



नेपाल उद्योग वाणिज्य महासंघको महानिर्देशकमा वैशाख १ गतेदेखि डा. हेमन्त कुमार दवाडी नियुक्त हुनु भएको छ। वि.सं. २०५१ सालबाट महासंघमा सेवा प्रवेश गर्नुभएका डा. दवाडी यसअघि महासंघद्वारा प्रवर्द्धित गैर आवासीय नेपाली संघ सचिवालयको कार्यकारि निर्देशकमा कार्यरत हुनुहुन्थ्यो। आर्थिक, व्यवस्थापन तथा रोजगार विषयमा स्वदेश तथा विदेशमा आयोजित विभिन्न गोष्ठीहरुमा भागलिई अनुभव हासिल गर्नुभएका डा. दवाडीले केही समय साउथ एसिया वाच वन ट्रेड इकोनोमिक्स एण्ड इन्भारोमेन्ट (SAWATEE) मा अनुसन्धान निर्देशकको रुपमा काम गर्नु भएको थियो।

अर्थशास्त्रमा विद्यावारिधी गर्नुभएका डा. दवाडीले नेपालको निजी क्षेत्रलाई नजिकबाट वुझनुको साथै मुलुकको आर्थिक विकासका लागि उद्योग वाणिज्य संघहरुका माध्यमबाट निजी क्षेत्रले निर्वाह गर्नुपर्ने भूमिकाका वारे जानकार हुनुहुन्छ।

नवनियुक्त महानिर्देशकको पदवहाली पश्चात आयोजित विशेष कार्यक्रमलाई सम्वोधन गर्नुहुँदै महासंघका अध्यक्ष कुशकुमार जोशी र उपाध्यक्ष कृष्णप्रसाद ताम्राकारले सदस्य लगायत आमजनतामा महासंघप्रति निकै ठूलो आस र भरोसा बढ्दै गएको अवस्थामा महासंघलाई सोही अनुरुप अगाडी बढाउन नवनियुक्त महानिर्देशक सक्षम हुने बताउनु भयो। त्यसअघि महासंघका कर्मचारीहरुका तर्फबाट नवनियुक्त महानिर्देशक डा. दवाडीलाई सचिवालयमा स्वागत गरिएको थियो।

## पुस्तकालय जानकारी

**उद्योग, वाणिज्य, श्रम, पर्यटनलगायत अर्थतन्त्रसँग सम्बन्धित विभिन्न पुस्तक–पुस्तिका, अध्ययन प्रतिवेदन एवम् टेड्र डाइरेक्टरीका प्रकाशनहरू नेपाल उद्योग वाणिज्य महासंघको पुस्तकालय** (Documentation and Information Unit) **मा प्राप्त भएकोले अध्ययन गर्न इच्छुक महानुभावहरूले पुस्तकालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।**

## संक्षिप्त समाचार

### महासंघका पदाधिकारीसँग डेनमार्क सरकारका प्रतिनिधिद्वारा भेट

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष कृष्णप्रसाद ताम्राकार, उपाध्यक्ष प्रदीपजंग पाण्डेसँग डेनमार्क सरकारको परराष्ट्र मन्त्रालयको व्यवसाय तथा करार विभागका प्रमुख (Head of Department-Business and Contracts-Ministry of Foreign Affairs of Denmark) चार्लटी लाउरसन (Charlotte Laursen) ले हालै महासंघ सचिवालयमा भेट गरि नेपालमा व्यावसायिक तथा लगानी वातावरणका विषयमा विस्तृत छलफल गर्नुभयो ।

### संविधान सभाको म्याद थप्ने सहमतिको स्वागत

नेपाल उद्योग वाणिज्य महासंघले हालै एक प्रेस विज्ञप्ति प्रकाशित गरि संविधान सभाको म्याद एक वर्ष थप गर्न राजनीतिक दलहरु बीच भएको सहमति र सम्झौताले आम नागरिकमा पुनः आशाको संचार हुन गएको भन्दै देशमा द्वन्द र भय व्याप्त हुन सक्ने आशंका बीच भएको सहमतिलाई स्वागत गरेको छ ।

एकातिर समयमा संविधान बन्न नसक्नु र अर्कोतिर ऐतिहासिक संविधान सभाको म्याद समाप्त हुदै जान लागेको अवस्था तथा राजनीतिक दलहरु बीच पनि असमझदारी बढ्दै गएबाट निजी क्षेत्रको प्रतिनिधिमूलक संस्थाको हैसियतले महासंघले पनि जतिसक्दो छिटो राजनीतिक दलहरु बीच आपसी सहमति कायम गरी संविधान सभाको म्याद थप गर्ने विषयमा सक्दो प्रयास गर्दै आएको परिप्रेक्ष्यमा संविधान सभाको म्याद थप भई गतिरोध अन्त्य गर्न राष्ट्रपति, प्रधानमन्त्री, राजनीतिक दलका शीर्षस्थ नेताहरु एवं नागरिक समाजबाट भएको सकारात्मक भूमिकाको महासंघले सराहना समेत गरेको थियो ।

### व्यवसायी आक्रमणको भत्सर्ना

नेपाल उद्योग वाणिज्य महासंघद्वारा हालै एक प्रेस विज्ञप्ति प्रकाशित गरि वीरगंज उद्योग वाणिज्य संघका महासचिव गोपाल केडियालाई गत जेष्ठ ५ गते बुधवार साँझ कार्यस्थलमै अज्ञात समूहले गोली हानी गम्भीर घाइते बनाएको घटनाप्रति अत्यन्त चिन्ता प्रकट गर्दै उक्त आक्रमणको घोर निन्दा एवं भत्सर्ना गऱ्यो ।

महासंघले वारम्वार भएका यस्ता आक्रमणले शान्ति सुरक्षाको अवस्था थप कमजोर बन्दै गएकोमा चिन्ता प्रकट गर्दै व्यवसायी केडियाको आक्रमणमा संलग्न अपराधिलाई तत्काल नियन्त्रणमा लिई घटनाको यथार्थता सार्वजनिक गरेर घटनामा संलग्न दोषी उपर कडाभन्दा कडा कारवाही गर्न नेपाल सरकार लगायत सम्बन्धित सबैमा अपिल गर्दै व्यवसायी केडियाको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

# सीआईआई र फिक्की पदाधिकारीसँग भेटवार्ता

गुजरातको अहमदावादमा हालै आयोजित “नेपालमा व्यापार तथा लगानीका अवसरहरु” विषयक कार्यक्रममा भाग लिन गुजरात गएको महासंघको प्रतिनिधिमण्डलले भारतीय उद्योग महासंघ (CII) र भारतीय उद्योग वाणिज्य महासंघ (FICCI) का पदाधिकारीहरुसंग नयाँ दिल्लीमा दुई देश बीचको विद्यमान आर्थिक व्यावसायिक सम्बन्ध, आयात निर्यातको अवस्था एवं लगानीका सम्भाव्य क्षेत्रहरुका विषयमा भेटवार्ता गरेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष चण्डिराज ढकालको नेतृत्वमा महासंघका वरिष्ठ उपाध्यक्ष सुरज वैद्य सहितको ६ सदस्यीय महासंघको प्रतिनिधिमण्डलले ती दुवै भेटका अवसरमा गुजरातमा आयोजना भएको नेपालमा व्यापार तथा लगानीका अवसरहरु विषयक कार्यक्रमबाट प्राप्त अनुभव समेतका विषयमा छलफल गरि नेपालमा भारतीय लगानी विस्तारमा भारतीय उद्योग महासंघ र भारतीय उद्योग वाणिज्य महासंघका तर्फबाट सहयोग हुन आग्रह गरेको छ ।

त्यसअघि असार २२ गते गुजरातको अहमदावादमा आयोजित कार्यक्रमलाई महासंघको प्रतिनिधिमण्डलका नेता एवं महासंघका निवर्तमान अध्यक्ष चण्डीराज ढकालले नेपालमा लगानीका लागि गुजरातका उद्यमी व्यवसायीहरुलाई आव्हान गर्नुहुँदै त्यसका लागि सवै प्रकारको सहयोग गर्न महासंघ तयार रहेको विश्वास दिलाउनु भयो । साथै निवर्तमान अध्यक्ष ढकालले नेपाल र भारत बीचको आर्थिक सम्बन्धलाई अझ बढी मजवुद वनाउन गुजरात कार्यक्रम निकै उपलब्धी मुलक हुने दावी पनि गर्नुभयो । सो कार्यक्रममा नेपालका तर्फबाट महासंघको कार्यकारिणी समितिका सदस्य शेखर गोल्छाले नेपालमा लगानीका अवसरहरु विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो

सोही दिन महासंघको प्रतिनिधिमण्डलले गुजरातका मुख्यमन्त्री नरेन्द्र मोदीसँग पनि भेटगऱ्यो । सो अवसरमा मुख्य मन्त्री मोदीले नेपालसँग आर्थिक व्यावसायिक सम्बन्ध विस्तार एवं अनुभवहरु आदान प्रदानमा इच्छा देखाउनु भयो ।

# नेपाल-अमेरिका बीच व्यापार तथा लगानी सम्बन्ध अभिवृद्धि गर्न समझदारीपत्रमा हस्ताक्षर

अमेरिकासँगको लगानी र व्यापार सम्बन्ध अभिवृद्धिका लागि संयुक्त रुपमा काम गर्ने उद्देश्यले अमेरिकास्थित नेपाली राजदुतावास, नेपाल उद्योग वाणिज्य महासंघ र गैर आवासीय नेपाली संघ बीच हालै अमेरिकामा एक समझदारीपत्र (MoU) मा हस्ताक्षर भयो ।

नेपाल अमेरिका बीच लगानी, व्यापार सम्झौता वार्ताका लागि वाणिज्य तथा आपूर्ति सचिव पुरुषोत्तम ओझाको नेतृत्वमा महासंघका अध्यक्ष कुशकुमार जोशी सहितको प्रतिनिधिमण्डलले हालै गरेको अमेरिका भ्रमणका क्रममा भएको उक्त समझदारीपत्रमा नेपाली राजदुत डा. शंकरप्रसाद शर्मा, महासंघका अध्यक्ष जोशी र एनआरएन-ए (NRN-A) को तर्फबाट राजेन्द्र बहादुर श्रेष्ठले हस्ताक्षर गर्नु भएको थियो ।

## संक्षिप्त समाचार

### विकास निर्माणमा अन्तर्क्रिया

नेपाल उद्योग वाणिज्य महासंघको सदस्य पर्वत उद्योग वाणिज्य संघको पहलमा पर्वत र वाग्लुङ जिल्लालाई जोड्ने सिवालय-८ र नारायणस्थन–३ मा आकाशे झोलुंगे पुल निर्माण गर्ने सम्बन्धमा संविधान सभामा त्यस क्षेत्रबाट प्रतिनिधित्व गर्ने सभासद, उद्योगी व्यवसायीहरु बीच हालै महासंघ सचिवालयमा एक छलफल कार्यक्रम सम्पन्न भयो ।

छलफल कार्यक्रममा सो स्थानमा उक्त पुल निर्माण पश्चात वाग्लुङ वलेवामा १६ वर्ष अघि निर्माण भएको विमानस्थल पुन संचालनमा आउनुका साथै आन्तरिक एवं वाह्य पर्यटक आकर्षण हुनुको साथै स्थानीय क्षेत्रको उद्योग व्यवसाय समेत फस्टाई त्यस क्षेत्रका जनताहरु लाभान्वित पर्याप्त सम्भाव्यता रहेकोले पुल निर्माणका लागि सभासद, उद्योगी व्यवसायी र त्यस क्षेत्रका वुद्धिजीवीहरुले आ–आफनो स्थानबाट सहयोग गर्नुपर्नेमा जोड दिइयो ।

### जबरजस्ती चन्दा असूली रोकः महासंघ

नेपाल उद्योग वाणिज्य महासंघले गत वैशाख १३ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरि श्रमिक दिवसका साथै राष्ट्रव्यापी विरोध कार्यक्रम आयोजनाको तयारीको नाममा विशेषतः एनेकपा (माओवादी) संग आवद्ध ट्रेड युनियन लगायतका भातृ संगठनहरुबाट उद्योगी व्यवसायी लगायत बिभिन्न व्यक्तिहरुबाट जबरजस्ती चन्दा उठाउने र कतिपय उद्योग प्रतिष्ठान र कार्यथलो खाली गर्न समेत दिएको दवाव प्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको जनाएको थियो । अहिलेको विषम परिस्थिति समेतलाई मध्यनजर गरी यस्ता जबरजस्ती रकम तोकेर चन्दा असुल्ने, कार्यथलो खाली गराउने काम नगर्न नगराउन समेत महासंघले सम्बन्धित पक्षसंग आग्रह गऱ्यो ।

### जैविक प्रविधि माथि छलफल

नेपाल उद्योग वाणिज्य महासंघ, त्रिभुवन विश्वविद्यालय, जैविक प्रविधि विभाग तथा विश्वविद्यालय अनुदान आयोगको संयुक्त तत्वावधानमा "नेपालमा जैविक प्रविधिको प्रयोगः प्राज्ञिक तथा निजी क्षेत्र बीचको सम्वाद" विषयमा हालै महासंघ सचिवालयमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो ।

त्रिभुवन विश्वविद्यालयले जैविक प्रविधिका विषयमा संचालन गरेको स्नातकोत्तर विषयको लागि आवश्यक दक्षजनशक्ति विकासमा समेत मद्दत गर्ने उद्देश्यले आयोजना गरिएको सो कार्यक्रममा प्राज्ञ, निजी क्षेत्रका उद्यमी तथा विद्यार्थीहरु गरि करिव ३० जनाको सहभागिता रहेको थियो ।

# नेपाल र सिचुवान बीचको आर्थिक सम्बन्धलाई नयाँ अध्यायबाट अगाडी बढाउन जोड

नेपाल र चीनको सिचुवान प्रान्त बीचको आर्थिक व्यवसायिक सम्बन्ध विस्तार, लगानी सम्भाव्यता, निजी क्षेत्र बीच सम्बन्ध विस्तार तथा आगामी अक्टोवरमा सिचुवानमा आयोजना हुने "वेस्टर्न चाइना फेयर-२०१०" (Western China Fair-2010) मा नेपाली निजी क्षेत्रलाई निम्तो दिन नेपाल आएको सीसीपीआइटी-सिचुवान प्रान्त (CCPIT-Sichuan Council) को व्यावसायिक प्रतिनिधिमण्डलसँग नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल चीन कार्यकारि परिषदद्वारा संयुक्त रुपमा हालै महासंघ सचिवालयमा आयोजित बैठक सम्पन्न भयो ।

उक्त बैठकमा अपार प्राकृतिक श्रोत, व्यापक बजार सम्भाव्यता, उदार अर्थनीति, जलश्रोत, पूर्वाधार विकास, व्यावसायिक कृषि, पर्यटन उद्योगमा पर्याप्त लगानीको सम्भाव्यता भएको देश नेपाल र यातायात, व्यवसाय तथा वित्तिय, व्यावसायिक कृषि, उच्च प्रविधि, कृषि प्रशोधन एवं उत्पादन क्षेत्रमा ठूलो सफलता हासिल गर्दै विकासमा निरन्तर फड्को मार्दै गएको सिचुवान प्रान्त बीचको आपसी सहयोगलाई नयाँ शिराबाट अगाडी बढाउन जोड दिइएको छ ।

सो अवसरमा महासंघका उपाध्यक्ष प्रदिपजंग पाण्डेले छिमेकी मुलुक चीनसँग नेपालले आपसी सहकार्य, संयुक्त लगानी एवं प्रविधि आकर्षणका माध्यमबाट आर्थिक विकास गर्न चाहेकोले नेपालका सम्भाव्य क्षेत्रहरु जलविद्युत, पूवर्णाधार विकास, कृषि, पर्यटन जस्ता क्षेत्रमा संयुक्त लगानीका लागि आग्रह गर्नुभयो । सो अवसरमा प्रतिनिधिमण्डलका नेता याङ शंपो (Yang Shi boo) ले नेपाली व्यवसायीहरुलाई सिचुवानको भ्रमण गरि व्यवसाय आदान प्रदान, संयुक्त लगानी सम्भाव्यताको खोजी गरि नेपाल सिचुवान बीच सहयोगको नयाँ अध्याय शुरु गर्न आग्रह समेत गर्नुभयो ।

## संक्षिप्त समाचार

### व्यवसायी हत्याको भत्सर्ना

उद्योग वाणिज्य संघ, बुटवलको सदस्य विष्णुभण्डारी स्टोर्सका मालिक रमेश भण्डारी र उहांकी श्रीमती आशा भण्डारीलाई अज्ञात समूहद्वारा बुटवल ६ संगमपथस्थित आफ्नै पसलमा बसिरहेको अवस्थामा असार ९ गते गोली प्रहार गरि हत्या गरिएको घटनाप्रति नेपाल उद्योग वाणिज्य महासंघ गम्भीर चिन्ता प्रकट गर्दै उक्त जघन्य आक्रमणको घोर निन्दा, भत्सर्ना सहित कारवाहीको माग गरेको छ । महासंघका सवै सदस्य संघहरुले पनि आ–आफनो तर्फबाट उक्त हत्याको घोर निन्दा गर्दै दोषीमाथि कडाकारवाहीको माग गरेका छन् ।

### न्यूजप्रिन्ट तत्काल फुकुवा गर

कान्तिपुर पव्लिकेशनले विभिन्न देशहरुबाट आयात गरि ल्याएको करिव एक हजार मेट्रिक टन न्यूज प्रिन्ट (पत्रिका छपाई कागज) भारतको कोलकत्ता बन्दरगाहमा रोकिएको खवरप्रति नेपाल उद्योग वाणिज्य महासंघले आफनो गम्भीर ध्यानाकर्षण भएको जनाउदै यस सम्बन्धमा सत्य तथ्य पत्ता लगाई रोकिएको न्यूज प्रिन्ट तत्काल फुकुवा गर्न आव्हान गरेको थियो ।

## सदस्य संघहरूको गतिविधि

## जिल्ला/नगर उद्योग वाणिज्य संघ

### उद्योग वाणिज्य संघ, इटहरी

**नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले राष्ट्रिय अर्थतन्त्र ज्यादै नराम्ररी खस्किएकाले स्थिति सुधारका लागि राज्यले निजी क्षेत्रसंग सहकार्य गर्न अत्यावश्यक भएको वताउनु भएको छ । उद्योग वाणिज्य संघ इटहरीको १२ औं वार्षिक साधारण सभाको हालै इटहरीमा उद्घाटन गर्नुहुँदै अध्यक्ष जोशीले दल र सरकारले नेपालको उद्योग र व्यापारलाई राजगार प्रवर्द्धन र राजश्व संकलनको मुख्य स्रोत ठानेर त्यही अनुरुपको वातावरण तयार गर्नुपर्छ ।**

**संघका अध्यक्ष टंकप्रसाद दुलालको सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा महासंघका कार्यकारिणी समिति सदस्य किशोर प्रधान, सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी रामप्रसाद थपलिया, मेची उवाद्य.घका अध्यक्ष केशव पाण्डे लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उद्यमी व्यवसायीलाई प्रशंसापत्र र सम्मानपत्रबाट सम्मानित पनि गरिएको थियो । सो साधारण सभाले संघको अध्यक्ष पदमा रोहित प्रसाईलाई निर्विरोध निर्वाचित गरेको छ ।**

**संघका सदस्यहरुका उद्योग तर्फबाट ईश्वरी पराजुली, मणिन्द्र कटुवाल, दिवस पाखेल र लिलम वस्नेत, वाणिज्य तर्फ शैलेश विष्ट, ईश्वर भट्टराई, उमेश पौडेल, भुपेन्द्र वराल, भीमबहादुर पौडेल, निर्मल रिजाल, सुनील अग्रवाल र देवु निरौला तथा महिला सदस्य तर्फ सपना पोखरेल निर्वाचित हुनुभएको छ ।**

### उद्योग वाणिज्य संघ–चितवन

#### क. कर सर्भे सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्यहरू र अन्य स्थानीय व्यापारीहरूसंग GTZ RAS परियोजनाका प्रतिनिधी र आन्तरिक राजस्व कार्यालय भरतपुरबाट आएका प्रतिनिधिहरूले करदाता व्यवसायीहरूसंग उनीहरूले तिर्दै आएका करहरूको सम्बन्धमा सर्भे गर्ने कार्य सम्पन्न गरेको छ । संघका अध्यक्ष उत्तमलाल चुकेको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत बुद्धिराम धितालले कार्यक्रम वारे जानकारी गराउनु भएको थियो ।

#### ख. नारायणी नदी प्रवेशद्वारको शिलान्यास

उद्योग वाणिज्य संघ-चितवनले आफ्नो स्थापनाको ५० औं वर्षको उपलक्ष्यमा नारायणी नदी प्रवेशको लागि रहेको मुख्य बाटोमा एक कलात्मक प्रवेशद्वार बनाउने सोंच अनुरुप उक्त प्रवेशद्वारको हालै एक कार्यक्रम बीच शिलान्यास भयो । उद्योग वाणिज्य संघ-चितवन र हरिहर मन्दिरबीच रहेको सो स्थानमा संघका पूर्व अध्यक्ष के.एल.भूषणले विधिपूर्वक धार्मिक परम्परा अनुरुप शिलान्यास गर्नुभयो ।

उक्त शिलान्यास कार्यक्रममा संघका पूर्व अध्यक्षहरु, पदाधिकारीहरु, कार्यसमिति सदस्यहरु, जिल्ला विकास समिति-चितवनका स्थानीय विकास अधिकारी श्री उद्धव तिमल्सेना, उद्योग वाणिज्य संघ-चितवन अन्तर्गत रहेका वस्तुगत संघकाअध्यक्ष एवं प्रतिनिधीहरु तथा संघका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

#### ग. वित्तिय सेवा नक्साङ्कन

जर्मन प्राविधिक सहयोग, समावेशी आर्थिक विकास परियोजना (जिटिजेड/इन्क्लुड) को आयोजना तथा उद्योग वाणिज्य संघ-चितवनको सहयोगमा वित्तिय सेवा नक्साङ्कनको प्रतिवेदन माथि छलफल गर्न हालै चितवनमा एक कार्यक्रमको आयोजना गरियो ।

वित्तिय सेवा प्रदायकहरुको किसिम, सेवा क्षेत्र विस्तार, पहुँच र सेवा विधिहरु पत्ता लगाउन, स्थानिय तहबाट पाईने वित्तिय सेवाहरुको पहुचबाट वञ्चित महिला, साना लगानीकर्ता तथा मझौला उद्यमीहरुको वित्तिय पहिचानको आधारहरु पत्ता लगाउन र लैङ्गिक तथा सामाजिक समावेशीकरणको अन्तर पहिचान गरी वित्तिय संस्थाहरुलाई लक्षित ग्रामिण तथा शहरी समूहका गरिव लगायत सुविधासम्पन्न क्षेत्रका जनताहरु जस्तै महिला, लोपोन्मुखजाती, दलित र अरु सुविधा विपन्न समूहहरूलाई सेवा दिई प्रोत्साहन गर्न उपयुक्त सुझाव तयार गर्ने मुख्य उद्देश्यले जर्मन प्राविधिक सहयोग, समावेशी आर्थिक विकास परियोजना (जिटिजेड/इन्क्लुड) द्वारा सन् २०१० को जनवरी महिनासम्म चितवन, मकवानपुर, रुपन्देही, पाल्पा, कैलाली र सुर्खेत जिल्लाका १११ वटा बैंक तथा वित्तिय संघ संस्थाहरुमा अध्ययन गरेको थियो ।

## धुलिखेल उद्योग वाणिज्य संघ

**धुलिखेल उद्योग वाणिज्य संघको छैटौं वार्षिक अधिवेश तथा २२ औं वार्षिक साधारण सभा हालै धुलिखेलमा सम्पन्न भयो । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले साधारण सभाको उद्घाटन गर्नुहुँदै शान्ति सुरक्षाको व्यवस्था प्रभावकारी बनाउन सरकारसंग वारम्वार आग्रह गर्दा समेत उचित वातावरण वन्न नसकेकोमा गुनासो गर्नुभयो ।**

**महासंघका उपाध्यक्ष कृष्णप्रसाद ताम्राकारले चीनको लगानीलाई उत्साहित बनाएर पाचखाललाई विशेष आर्थिक क्षेत्रको रुपमा विकास गर्नका लागि सवै लाग्नुपर्ने भन्दै सन् २०११ लाई लक्षित गरि पर्यटक भित्र्याउन सवै व्यवसायीहरुलाई अग्रसर हुन आग्रह गर्नुभयो ।**

**कार्यक्रममा धुलिखेल नगरको व्यवसाय क्षेत्रमा योगदान पुर्‍याउनु हुने व्यवसायी रामप्रसाद वेंजु श्रेष्ठ, संघ स्थापनामा योगदान पुर्‍याउनु हुने स्व. मोहन प्रसाद माकजु, पोल्ट्री व्यवसायी तथा उद्योगी इश्वरी शर्मा, वित्तिय संस्थाबाट राष्ट्रिय वाणिज्य वैंक, धुलिखेल शाखा, र धुलिखेल महिला वहुउद्देश्यीय सहकारी संस्थालाई सम्मान गरिएको थियो ।**

**सो अबिधेशनबाट दिल सुन्दर श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय कार्य समिति चयन गरिएको छ । समितिको प्रथम, द्वितियि र तृतीय उपाध्यक्षमा क्रमशः चुनियालाल माकजु, रंगनाथ व्याञ्जु, मन्जु कुमार कोजु, महासचिवमा सुवासकाजी माकजु , सहसचविमा राजिव प्रकाश खोजु र कोषाध्यक्षमा अनन्त कृष्ण देनाजु श्रेष्ठ हुनुहुन्छ । त्यस्तै कार्य समिति सदस्यहरुमा विरेन्द्र घिनाङजु, बुद्धराम वैंजु, मनोज व्यान्जु, विजय लक्ष्मी माकजु र ममता व्याञ्जु हुनुहुन्छ ।**

**मध्यमाञ्चल क्षेत्रीय उद्योग वाणिज्य संघका अध्यक्ष ध्रुववहादुर थापा, सिन्धुपाल्चोक उवासंघका अध्यक्ष राजेन्द्र श्रेष्ठ, सभासद तेजवहादुर मिजारले शुभ–कामना मन्तव्य दिनु भएको सो कार्यक्रममा प्रमुख अतिथि महासंघका अध्यक्ष जोशीले संघको स्मारिकाको विमोचन गर्नुभएको थियो ।**

## पोखरा उद्योग वाणिज्य संघ

### क. महिला उद्यमीहरुलाई पूंजीको समस्या

पोखरामा महिला उद्यमीहरुले सम्पतिमा आफ्नो हक नहुँदा व्यवसाय शुरु र विस्तारमा पूँजीको समस्या परेको बताएका छन् । पोखरा उद्योग बाणिज्य संघले हालै आयोजना गरेको महिला उद्यमी भेलामा सहभागी महिलाहरुले सो धारणा राखेका हुन् । घरेलु उद्योगबाट उत्पादित बस्तुले अन्तर्राष्ट्रिय उत्पादनहरुसँग प्रतिष्पर्धा गर्न झन ठूलो समस्या भएको बताउदै महिला उद्यमीहरुले महिलाद्धारा उत्पादित बस्तुहरुको प्रवर्द्धनको लागि 'कोसेली घर' बनाउन सके ती सामाग्रीले बजार पाउने दावी गरे । संघका अध्यक्ष मानकाजी माकाजुले पोखरा र यस क्षेत्रमा क्रियाशिल महिला उद्यमीहरुको सशक्तिकरणको लागि संघले विभिन्न खाले तालीमको आयोजना गरे पनि उनीहरु व्यवसायमा नलागेको गुनासो गर्नुभयो । उहांका अनुसार तालीम लिएकामध्ये १० प्रतिशतले मात्र व्यवसायमा हात हाल्ने र उनीहरुले पनि बीचमै व्यवसाय छोड्ने गरेकाले महिला उद्यमशीलता विकास हुन नसकेको हो ।

### ख. व्यवसायीको मानव अधिकार हनन भएको गुनासो

अस्थिर सरकार र आर्थिक नीति, चन्दा आतंक र अवैध कारोवार अहिलेको व्यवसायिक चुनौति भएको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । आर्थिक स्थायित्व र दुई अंकको आर्थिक वृद्धिले मात्र देशको अर्थतन्त्र सवल हुने र मानवअधिकारको पालनामा पनि सहयोग पुर्‍याउने धारणा समेत व्यक्त गरेका छन् ।

पोखरा उद्योग बाणिज्य संघ तथा राष्ट्रिय मानवअधिकार आयोगको क्षेत्रीय कार्यालय पोखराले हालै पोखरामा आयोजना गरेको मानवअधिकार र व्यापार विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले सो धारणा राखेका हुन् । पुनरावेदन अदालत पोखराका न्यायाधीश ओम सुवेदीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा अवधारणापत्र प्रस्तुत गर्दै मानवअधिकार आयोगका अधिकृत बद्रीप्रसाद सुवेदी, नेपाल उद्योग बाणिज्य महासंघका कार्यकारिणी समिति सदस्य चन्द्रकृष्ण कर्माचार्य, पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष मानकाजी माकाजु, उपभोक्ता मञ्च कास्कीका अध्यक्ष कपिल कोइराला, संघका सदस्य संजीवबहादुर कोइराला, कास्कीका प्रहरी प्रमूख प्रहरी उपरीक्षक पुष्कर कार्की, शान्तिका लागि नागरिक समाजको संजाल पोखराका संयोजक रामप्रसाद घिमिरे लगायतले मन्तब्य राख्नुभएको थियो ।

कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय पोखराका उपनिर्देशक दुर्गा खड्काले गर्नुभएको थियो ।

## पाल्पा उद्योग वाणिज्य संघ

पाल्पा जिल्लाभित्र रहेका उद्योगी, व्यवसायी तथा व्यापारीहरुलाई ई-प्यान दर्ता गर्नको लागि आन्तरिक राजश्व कार्यालय, भैरहवा जानु नपर्ने भएको छ । यस कार्यको लागि पाल्पा उद्योग वाणिज्य संघ अन्तर्गत स्थापना भएको व्यवसाय सेवा केन्द्रबाट नै सम्पूर्ण कार्य सजिलो तथा सरलरुपमा सम्पन्न गर्न सकिने व्यवसाय सेवा केन्द्रका सूचना अधिकृत सुशान्त श्रेष्ठले बताउनु भयो । पाल्पा जिल्लाबाटै ई-प्यान सम्बन्धी दर्ता कार्य गर्न सकिने भए पछि व्यवसायीहरुलाई सुविधा हुने भएको छ ।

गत वर्ष संघमा स्थापना भएको व्यवसाय सेवा केन्द्रले पाल्पा जिल्ला भित्रका उद्योगी, व्यवसायी तथा व्यापारीहरुलाई सहज तथा सरलरुपमा सेवा केन्द्र मा नै सो सुविधा उपलब्ध गराउने भएको छ ।

सो सेवा केन्द्रले विगतमा व्यवसाय शुरु गर्न आवश्यक जानकारी, दर्ता गर्ने प्रक्रिया, व्यवसाय नविकरण, व्यवसाय सम्बन्धी ऐन, नियमबारे जानकारी, कर भन्सार सम्बन्धी जानकारी, व्यवसायिक योजना निर्माण कार्य सम्बन्धी सेवा प्रदान गर्दै आईरहेको थियो ।

## भक्तपुर उद्योग वाणिज्य संघ

भक्तपुर उद्योग वाणिज्य संघ र नेपाल सरकार उद्योग मन्त्रालयको संयुक्त आयोजनामा हालै भक्तपुरमा महिला उद्यमीहरुको लागि बजार व्यवस्थापन तालीम आयोजना गरियो । तालीमको उद्योग सचिव प्रतापकुमार पाठकले उद्घाटन गर्दै औद्योगिक नीतिमा समावेशी सहभागितालाई विशेष प्राथमिकता दिइएको बताउनु भयो ।

सभापतिको आशनबाट संघका अध्यक्ष उत्तमप्रसाद वैद्यले महिलामा अन्तरनिहित रहेको प्रतिभालाई औद्योगिक विकासमा जागृत गराउन तालीम कार्यक्रम उपयोगी हुने बताउनु भयो । कार्यक्रममा मन्त्रालयका सहसचिवद्वय यामकुमारी खतिवडा र रविन्द्र कर्माचार्य, मन्त्रालयका वरिष्ठ अर्थशास्त्री दुर्गेशकुमार श्रेष्ठ लगायतले मन्तव्य राख्नु भएको थियो । तालीम कार्यक्रममा २५ जना महिलाको सहभागिता रहेको थियो ।

## लेखनाथ उद्योग वाणिज्य संघ

स्थानिय आर्थिक विकास कार्यक्रम (लिड) अन्तरगत लेखनाथ उद्योग वाणिज्य संघ र लेखनाथ नगरपालिकाको संयूक्त रुपमा सञ्चालन गरेको तीनदिने बेमौसमी ताजा तरकारी उत्पादन तथा अर्गानिक फार्मिङ तालिम हालै सम्पन्न भयो ।

तालिममा लेखनाथ नगरपालिकाका ३१ जना ताजा तरकारी उत्पादक कृषकहरुको सहभागिता रहेको थियो । संघका अध्यक्ष तथा लिड कार्यक्रमका संयोजक बाबुराम जमरकट्टेलको सभापतितत्वमा सम्पन्न कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका कायकारिणी समिति सदस्य एवं संघका संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्यले प्रमाणपत्र वितरण गर्नुभयो ।

## सिद्धार्थनगर उद्योग वाणिज्य संघ

सिद्धार्थनगर उद्योग वाणिज्य संघद्वारा हालै भैरहवामा विशेष आर्थिक क्षेत्र विषयमा एक अन्तरक्रिया सम्पन्न भयो । उक्त कार्यक्रमलाई सम्वोधन गर्दै उद्योग राज्यमन्त्री दानबहादुर चौधरीले विशेष आर्थिक क्षेत्रमा भौतिक पूर्वाधारका कार्य तोकिएको समयमा नभएकाले बजेट फिज हुन सक्ने बारे चिन्ता व्यक्त गर्नुभएको थियो ।

त्यसैगरी जग्गा अधिग्रहण कार्य, जग्गा मूल्याङ्कन बारेमा सहमती नभई अगाडी बढ्न नसकेको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी नागेन्द्र झाले बताउनु भयो । संघको तर्फवाट उक्त विशेष आर्थिक क्षेत्रको हालको क्षेत्रफलमा करीव १०० विगाहा जग्गा थप गरी भौतिक पूर्वाधारको समेत कार्य अगाडी बढाई यथाशिघ्र संचालन गर्ने तर्फ जोड दिनु पर्ने बताउनु भयो र उक्त कार्यको लागि संघले आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो । कार्यक्रममा स्थानिय विकास अधिकारी तारा बहादुर कार्की, विशेष आर्थिक क्षेत्र आयोजना प्रमुख रमेश रत्न स्थापित, उद्योग मन्त्रालयका उपसचिव ऋषिकेश ढुंगेल, संघका सचिव कुल प्रसाद न्यौपाने लगायतले विशेष आर्थिक क्षेत्रको आवश्यकता, महत्व आदि बारेमा स्पष्ट पार्नु भएको थियो ।

## संखुवासभा उद्योग वाणिज्य संघ

संखुवासभा उद्योग वाणिज्य संघ, जिल्ला कृषि विकास कार्यालय, संखुवा-सभा र द इष्ट फाउण्डेशन संखुवा-सभाको संयुक्त आयोजनामा अलैची वगान व्यवस्थापन तथा रोगकिरा नियन्त्रण सम्बन्धी तालमी हालै खादवारीमा सम्पन्न भयो ।

कार्यक्रम संघका अध्यक्ष श्यासुन्दर उदासको सभापतित्वमा सम्पन्न भएको थियो । उक्त तालीम कार्यक्रममा दिदिङ, मत्स्यपोखरी र खादवारी नगरपालिकाका करिव ३५ जना अगुवा अलैची कृषकहरुको सहभागिता रहेको थियो ।

# वस्तुगत संघहरू

## नेपाल विज्ञापन संघ

नेपाल विज्ञापन संघ (आन)ले यो वर्षको छैटौं कृति अवार्डका लागि आवेदन दिनेमध्येबाट हरेक विधामा पाँच/पाँचवटा एजेन्सीको विज्ञापन छनोट गरेको छ ।

वरिष्ठ चलचित्रकर्मी यादव खरेलको संयोजकत्वमा पांच सदस्यीय कृति अवार्ड छनौट समिति वनाएर विभिन्न २२ विधामा एजेन्सीका विज्ञापन छनोट गरेको संघले जनाएको छ । खरेलेको संयोजकत्वमा छनौट समितिमा भोजराज अर्याल, दुर्गानाथ शर्मा, बबिता वस्नेत लगायतका सम्बन्धित क्षेत्रका विज्ञहरु सहभागी छन् । नेपाली विज्ञापनलाई थप स्तरीय बनाउदै विश्व विज्ञापन वजारमा प्रतिस्पर्धी हुने वातावरण वनाउने उद्देश्यले हुन लागेको छैटौ कृति अवार्डमा सहभागी मुलुकभरका विज्ञापन एजेन्सीहरुबाट प्राप्त विज्ञापन नामाकंनबाट एक सय १० एजेन्सीका विज्ञापन छनौटमा परेको संघले जनाएको छ ।

## नेपाल कुरियर संघ

नेपाल कुरियर संघको हालै सम्पन्न १५ औं वार्षिक साधारण सभाले नरेन्द्र खतिवडाको अध्यक्षतामा ११ सदस्यीय नया कार्य समिति चयन गरेको छ । सो नयाँ कार्य समितिको निवर्तमान अध्यक्षमा पवन किशोर राठी, प्रथम उपाध्यक्षमा कुमार थापा, द्वितिय उपाध्यक्ष गोविन्द ढुंगेल, महासचिवमा दुर्गा प्रसाद सुवेदी र कोषाध्यक्षमा देवेन्द्र खड्का चुनिनुभएको छ । त्यसैगरि सदस्यहरुमा वसन्त वोहोरा, अनिलराज भण्डारी, संजय मण्डल, सूर्यवहादुर कार्की र उमेश भण्डारी रहनु भएको छ ।

## द्विराष्ट्रिय उद्योग वाणिज्य संघ

नेपाल कोरिया(गणतन्त्र) उद्योग वाणिज्य संघमा किरण प्रकाश साखको अध्यक्षतामा २१ सदस्यीय कार्य समिति गठन गरिएको छ । हालै सम्पन्न संघको साधारण सभाबाट साख निर्विरोध निर्वाचित हुनु भएको हो । संघको निवर्तमान अध्यक्षमा गणेशभक्त साख हुनुहुन्छ ।

विशिष्ट सदस्यमा राजेशकाजी श्रेष्ठ, वरिष्ठ उपाध्यक्षमा लोकमान्य गोल्छा, प्रथम उपाध्यक्ष किशोरभक्त श्रेष्ठ र द्वितिय उपाध्यक्षमा निर्वाणकुमार चौधरी छन् । यस्तै महासचिवमा सुनिलकुमार खेतान, कोषाध्यक्षमा रमेश महर्जन र सचिवमा संजय अग्रवाल हुनुहुन्छ ।

# आर्थिक/व्यावसायिक गतिविधि

## विद्युतको २० वर्षे कार्ययोजना

सरकारले ३७ हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य सहितको २० वर्षे कार्ययोजना तयार पारेको छ । विद्युत अभावमा १६ घण्टासम्म लोडसेडिङ भैरहेको विला उर्जा मन्त्रालयले कार्ययोजना तयार पारेको हो । हरेक ५ वर्षमा उत्पादन गर्ने विद्युतको लक्ष्य र लाग्ने खर्च सहितको कार्ययोजना मन्त्रिपरिषदको पूर्वाधार समितिमा छलफलका क्रममा छ । आगामी तीन वर्षे योजनामा समेत आयोजना परिसकेको छ उर्जा मन्त्री प्रकाशरण महतले उर्जा मन्त्रालयद्वारा हालै आयोजना गरिएको पत्रकार सम्मेलनमा वताउनु भयो । तत्कालिन जल तथा उर्जा आयोगका सचिव किशोर थापाको संयोजकत्वमा गठित कार्यदलले ६ महिना लगाएर प्रतिवेदन तयार गरेको थियो । प्रतिवेदनमा आगामी २० वर्षमा ३७ हजार ६२८ मेगावाट विद्युत उत्पादन हुने गरि आयोजनाहरु शुरु गर्न सकिने उल्लेख छ ।

निजी क्षेत्रबाट अध्ययन र विकासका क्रममा ८५ वटा आयोजना छन् । यी आयोजनाले राष्ट्रिय प्रणालीमा सातसय १० मेगावाट विद्युत थप्ने छन् । पाँच वर्षमै विदेश निर्यात गर्न दुई वटा आयोजना निर्माण भएर एकसय ७० मेगावाट थपिने छ ।

२० वर्षे रणनीतिक योजना अनुसार ३७ हजार मेगावाट विजुली उत्पादन गर्न सरकार र निजी क्षेत्रले गर्नुपर्ने ३५ सूत्रीय मार्ग चित्र सहितको सुझाव पनि कार्यदलले सरकारलाई दिएको छ ।

## पारवहन मार्गमा नेपाललाई सहयोग

नेपालले बंगलादेशको पारवहन मार्ग विनाशुल्क प्रयोग गर्न पाउने भएको छ । बंगलादेशको ढाकामा हालै सम्पन्न दुई देशका वाणिज्य सचिवहरुको बैठकले तीन दशक पुरानो सम्झौतामा सुधार गर्दै मोङला बन्दरगाह प्रयोग गर्न सहजता दिने सहमती भएको हो । नेपालले मोङला बन्दरगाह प्रयोग गर्न पाउने भएपछि कोलकत्ता वन्दरगाहसंग मात्र रहेको निर्भरता कम हुनेछ ।

नेपालले मोङला बन्दरगाहसम्म पुग्न पारवहन मार्ग प्रयोग गरेवापत कुनै शुल्क तिर्नु नपर्ने भएको छ । सन् १९७६ मा भएको पहिलो सम्झौतामा यस्तो छुट थिएन । तर बन्दरगाह प्रयोग गरेवापत नेपाली व्यवसायीले लाग्ने शुल्क, लोड अनलोड शुल्क भने तिर्नुपर्नेछ । नयां सम्झौता अनुसार, नेपाली व्यवसायीले बंगलावन्द–पंचगढ–ठाकुरगाउ–शैयदपुर–रंगपुर–बोग्रा–नाटोर–धसुरिया–पक्सीखुसिता–जेनिदा–जैसोर–खुल्ना हुदै मोङला बन्दरगाहसम्म पुग्न पाउनेछन् ।

## रोजगार गतिविधि

# महासंघका अध्यक्षद्वारा १२१औं अन्तर्राष्ट्रिय मे दिवसका अवसरमा शुभ–कामना

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष कुशकुमार जोशीले १२१ औं अन्तराष्ट्रिय मे दिवसका अवसरमा बैशाख १८ गते नेपालको सम्पूर्ण निजी क्षेत्र एवं रोजगारदाताहरुको प्रतिनिधिमुलक संस्थाका तर्फबाट सम्पूर्ण श्रमिकहरुमा हार्दिक बधाई तथा शुभ–कामना व्यक्त गर्नु भएको छ ।

शुभ-कामना मन्तव्यमा भनिएको छ-उद्योग व्यवसायको विकास असल श्रम सम्बन्ध बिना सम्भव छैन र रोजगारदाताहरु श्रमिकसंगै जानुको विकल्प पनि छैन । देशलाई समुन्नत बनाउने, लगानीको वातावरणमा सुधार ल्याई रोजगारी बढाउने, कार्यथलोको वातावरणमा सुधार गर्ने र उत्पादकत्व अभिबृद्धिका साथै आर्थिक विकासमा सामाजिक दायित्वबोध सहितको व्यवसाय रोजगारदाता र श्रमिकका साझा उद्देश्य हुन् र यीनै उद्देश्यहरुलाई सर्वोपरि राखी सहअस्तित्वको आधारमा आर्थिक रुपान्तरण संभव छ भन्ने कुरा यस अवसरमा मनन गर्न म सबैमा आग्रह गर्न चाहान्छु ।

मुलुक अझै संक्रमणको अवस्थामा छ । संविधान लेखनका साथै श्रम ऐनमा सुधार, औद्योगिक शान्ति, सामाजिक सुरक्षासंगै श्रम लचकता, काम गरेको दिनको मात्र ज्यालाको व्यवस्था, उद्योग व्यवसाय बन्द नगर्ने वातावरणमा सुधारका बिषयमा निरन्तर सम्वाद गरि द्विपक्षीय सम्बन्ध विस्तारबाट समाधान गर्न आवश्यक छ । यसको लागि सहमति र सहकार्यनै मुख्य बिषय भएको परिप्रेक्ष्यमा “आर्थिक सामाजिक विकासका लागि संगसंगै” भन्ने सन्देश तर्फ नेपाल उद्योग वाणिज्य महासंघले विशेषः जोड दिएको छ र यस अवसरमा पनि म पुनः सबैमा यसै शुभकामना मार्फत स्मरण गराउन चाहान्छु-मन्तव्यमा भनिएको छ ।

शुभ-कामना मन्तव्यको अन्त्यमा भनिएको छ-विद्यमान श्रम सम्बन्धको समीक्षा गर्दै आगामी दिनहरुमा असल श्रम सम्बन्ध र आपसी सद्भावको प्रवर्द्धनमा जोड दिई थप सहकार्य गर्दै जाने प्रतिवद्धता सहित सम्पूर्ण कामदार साथीहरुको समृद्धि र मे दिवसको पूर्ण सफलताको लागि पुनः हार्दिक शुभ–कामना व्यक्त गर्दछु ।

## उपाध्यक्ष पाण्डे आइएलको ९९ औं अधिवेश

अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) द्वारा स्वीजरलैण्डको जेनेभामा आयोजित अन्तर्राष्ट्रिय श्रम सम्मेलनको ९९ औं अधिवेशनमा नेपालको रोजगारदाता संगठनको तर्फबाट भागलिई नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवं रोजगारदाता परिषदका सभापति प्रदीपजंग पाण्डे स्वदेश फर्कनु भएको छ । नेपाल सरकारको तर्फबाट श्रम मन्त्रीको नेतृत्वमा रहेको नेपाली प्रतिनिधिमण्डलमा रोजगारदाताको तर्फबाट महासंघका उपाध्यक्ष पाण्डेले भागलिंनु भएको थियो ।

उपाध्यक्ष पाण्डेले उक्त अधिवेशनलाई नेपाली रोजगारदाता प्रतिनिधिको हैसियतले आगामी असार ३ गते सम्बोधन गर्नु भएको थियो ।

## BUSINESS OPPORTUNITIES

**EXPORT**

*The Following Business Opportunities have been received in FNCCI.The Parties may contact with parties concerned.*

**EASTERN TRADERS**
*Military Radio Battery Manufacturer*
*House # 20, Road # 18*
*Block # A, Banani*
*Dhaka, Bangladesh*
*Tel: 08801812788057*
*Fax: 088029899483*
*Email- easterntds@gmail.com*
- *BB-LA6 BATTERY*

**TAI YU INTERNATIONAL LTD**
*South Seas Centre, Tower II*
*Unit 804 & 805 A*
*75 Mody Road*
*Kowloon, Hong Kong*
*Tel: ( 852 ) 2366 7566*
*Web site: www.taiyu.com.hk*
- *household applinces. Such as: Blenders, Electric Kettles, Food Steamers, Oven Toasters, Juice Extractors, Citrus Juicers Etc, Etc.*

**ASKARI CEMENT LTD.**
*Tel: 051-9271949/9270667, 051-9271959/9272437*
*Fax: 051-9272412/9270476*
*Rawalpindi, Pakistan*
- *OPC Cement*

US AID | NEPAL
FROM THE AMERICAN PEOPLE

FNCCI
नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry [FNCCI]

**www.jobsfirst.org.np**

# सुवर्ण अवसर


**युएसएआईडी नेपालको आयआर्जनका लागि शिक्षा कार्यक्रम (ईआईजी) र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त प्रयासमा रोजगारदाताहरू र रोजगारी दिलाउने सहजकर्ताहरूलाई आवश्यक आधारभूत तालिम प्राप्त युवा कामदारहरूबारे र तालिमप्राप्त कामदारलाई रोजगार प्राप्त गर्न सहजीकरण गर्न आवश्यक सूचना आदानप्रदानमा सघाउने उद्देश्यले www.jobsfirst.org.np वेवसाइट विकास गरिएको छ । नेपाल उद्योग वाणिज्य महासंघबाट नियमितरूपमा प्रशासीत उक्त वेवसाइट ब्राउज (Browse) गरी आफ्नो सरोकारको सूचनाहरू सो साइटमा रजिस्टर गरी लाभ हासिल गर्नुहुन रोजगारदाताहरू, व्यवसायिक तालिम प्रदान गर्ने निकायहरू, वैदेशिक रोजगार दिलाउने निकायहरू र प्रशिक्षणप्राप्त युवाहरूमा विनम्र आह्वान गर्दछौं । यस सम्बन्धमा थप जानकारी आवश्यक भए निम्न ठेगानामा सम्पर्क गर्नुहोला ।**

**नेपाल उद्योग वाणिज्य महासंघ**
**आयआर्जनका लागि शिक्षा कार्यक्रम (ईआईजी) सेल**
**फोन : ४२६१७५० (काठमाडौं)**
**०८१-५२०३६५ (नेपालगञ्ज)**

NABIL MUDDATI
नबिल भए निर्धक्क

25 Years of Partnership in Nepal

गत २५ वर्षदेखि निरन्तर
नाफामा संचालित एक मात्र बैंक




## सुरक्षित लगानी, उच्च प्रतिफल

नबिल मुद्दतीका विशेषताहरु:

- न्यूनतम रु.१ लाख
- ६ महिना वा सो भन्दा बढि अवधि
- उपरोक्त व्याज दर नबिल जेष्ठ मुद्दतीका लागि पनि लागु हुनेछ

यो अवसर निश्चित अवधिको लागि मात्र उपलब्ध हुनेछ ।

### नबिल बैंकको हालको वित्तिय झलक

| | | | |
|---|---|---|---|
| कुल पुँजीकोष | : रु. ४.४० अर्ब | आ.व.०६६/६७ पहिलो अर्ध वार्षिक संचालन मुनाफा | : रु.१.०३ अर्ब |
| कर्जा निक्षेप अनुपात | : ७७.०३ % | निष्कृय कर्जा/कुल कर्जा अनुपात | : १ % |
| रियल इस्टेट कर्जा | : १३.०४ % | गैर बैंकिङ्ग सम्पत्ति | : ० % |

**मुख्य शाखा कार्यालय : कान्तिपथ, काठमाडौं, फोन नं. : ४२२७१८१, ४२२१७१८**

- बिर्तामोड
- दमक
- इटहरी
- विराटनगर
- धरान
- कौशलटार
- जोरपाटी
- अन्तर्राष्ट्रिय विमानस्थल
- आन्तरिक विमानस्थल
- ललितपुर
- नयाँ बानेश्वर
- त्रिपुरेश्वर
- कान्तिपथ
- महाराजगंज
- न्यू रोड
- ठमेल
- हल्चोक (स्वयम्भु)
- बालाजु
- मैतिदेवी
- चावहिल
- कुलेश्वर
- सातदोबाटो
- पावर हाउस चोक (वीरगंज)
- हेटौंडा
- वीरगंज
- नारायणगढ
- पोखरा
- लेकसाइड (पोखरा)
- बुटवल
- भलवारी
- भैरहवा
- बागलुङ
- घोराही
- तुल्सिपुर
- नेपालगंज
- धनगढी
- महेन्द्रनगर

NABIL BANK®

सम्पादक : विदुरचन्द्र लामिछाने
प्रकाशक : नेपाल उद्योग वाणिज्य महासंघ
पचली सहिद शुक्र एफएनसीसीआई मिलन मार्ग, टेकु, पो.ब.नं. २६९ काठमाडौं
फोन : ४२६२२१८, ४२६२०६१, फ्याक्स : ४२६१०२२, ४२६२००७ तार : फेडरेशन, काठमाडौं
मुद्रक : विश्व छापाखाना, लगन टोल, काठमाडौं, फोन : ४२५३६७६

**प्रापक**